☎ : २२१३७७

***हाम्रो सेवा***

शो कार्ड, स्टिकर, पोष्टर, लेवल, शुभ–कामना कार्ड, भिजिटिङ्ग कार्ड, विवाह कार्ड, क्यालेण्डर प्रिन्ट गर्नुका साथै फोटो कपी, बुक बाडिङ्ग, स्क्रीन प्रिन्ट, रुलिङ्ग, रबर स्टाम्प र अफसेटको पोलिस्टर प्लेट पनि बनाइन्छ ।




Downloaded from http://www.dhamma.digital

*Happy 2540 Vaisakh Festival*

*&*

# *Dharmakirti Buddhist Study Cirlcle*

# SILVER JUBILEE



## *the Bakery*

## CAFE

Dhamma.Digital

*(Where people with young at heart meets!)*

- Teendhara, Durbar marg. Tel: 242706
- Round about, Jawalakhel, Tel: 522949
- Near Fire Brigade, New Road. Tel: 240138, Fax: 240137

KATHMANDU, NEPAL

***It's your Choice***

Managed by

nanglo
INTERNATIONAL

Downloaded from http://www.dhamma.digital

# थरीथरीका बुद्धमार्गीहरू



✍ भिक्षु अश्वघोष

बुद्धको शिक्षालाई ग्रहण गरी अनुशरण गर्ने व्यक्तिहरूलाई बुद्धमार्गी अर्थात् बौद्ध भन्ने गर्छन् तर सच्चा बुद्धमार्गी कसलाई भन्ने त? यसबारे बुद्ध धर्मावलम्वीहरूलाई त्यति ज्ञान छैन भन्नु अत्युक्ति नहोला। यहाँ थरीथरीका बुद्धमार्गीहरू छन्।

बुद्धको मूल शिक्षामा (१) शील (२) समाधि (३) प्रज्ञा र (४) विमुक्ति समावेश भएको हुन्छ।

थरीथरीका बुद्धमार्गीहरूमा तल उल्लेखित बुद्धमार्गीहरू पनि पर्छन्।

**(१) श्रद्धा भएका तर शील नभएका:**

एक प्रकारको बुद्धमार्गी यस्ता छन्, जसमा श्रद्धा मात्र बढी देखिन्छ। उनीहरूले धर्मको बारेमा खूब चर्चा गरिरहेका हुन्छन्, छलफल गरिरहन्छन् र पुस्तक पनि लेखिरहन्छन्। त्यति मात्र होइन प्रवचन र उपदेश समेत दिईरहन्छन्। तर आफूले अध्ययन गरी ज्ञान सिके अनुसार आचरण भने गर्न सकेका हुँदैनन्, आ-आफ्नो व्यवहारमा सुधार ल्याउन सकेका हुँदैनन्। अर्थात् शील पालन गर्ने कदम चालेका देखिँदैनन्। तर सदाचारी बन्नु नै धार्मिक व्यक्तिको पहिलो अत्यावश्यक खुट्कीलो हो।

> **सही प्रज्ञामा सम्यक दृष्टि र सम्यक संकल्प समावेश भएको हुनुपर्छ। ... श्रद्धा नभएको प्रज्ञाले व्यक्तिलाई स्वार्थी बनाइदिन्छ। प्रज्ञा र श्रद्धा नभएको काम सबै नून नपुगेको खाना जस्तै नीरस हुन्छ।**

**(२) श्रदा र शील भएका तर समाधि नभएका:**

दोश्रो प्रकारको बुद्धमार्गी यस्ता छन्, जसले शुद्ध धर्मको अध्ययन त गर्छन्, मन प्रसन्न पार्छन, सदाचारी भएर धर्मको बाटोमा लाग्न प्रयत्नरत छन् अर्थात् आफ्नो जीवन धार्मिक गतिविधिमा लगाए तापनि उनीहरूको समाधि कमजोर भैरहेको हुन्छ। उनीहरूको चित्त चञ्चल भैरहेको हुन्छ। यस्ता प्रकारका बुद्धमार्गीहरूको लागि बुद्धकालीन घटना एउटा उदाहरणार्थ प्रस्तुत गर्न चाहन्छु।

बुद्धकालीन समयमा कौशाम्वीमा शीलवान विद्वान कहलिएका दुई समूह भिक्षुहरू बस्दथे। एक समूहले कथा मात्र भन्ने गर्थ्यो अर्थात उपदेश मात्र दिने गर्थ्यो। अर्को समूहले नियम मात्र पालन गर्थ्यो। एकदिन उनीहरूको बीचमा एउटा सानो कुरामा झगडा परेछ। त्यस वखत उनीहरूमा होश नभएको कारणले समाधि हरायो। बुद्ध स्वयंले उनीहरूलाई झगडा नगर्नका लागि पटक-पटक सम्झाउनु भए तापनि अहंकारको बसमा लागेका ती भिक्षुहरूले बुद्धको वचन उलंघन गरी झगडा गर्दै थिए। पछि बुद्धको उपदेश अनुसार अन्य उपासक उपासिकाहरूले ती झगडालु भिक्षुहरूलाई ब्रह्मदण्ड दिएपछि अर्थात् सामाजिक बहिष्कार गरेपछि मात्र उनीहरूको होश फर्केछ। मतलव दाताहरूबाट दान नपाएपछि मात्र दुई समूह मिलेर गौतम बुद्धकहाँ गई आ-आफ्नो गल्ती महशुस गरी क्षमा मागेर शान्तपूर्वक जीवन बिताए। ती झगडालु भिक्षुहरूमा श्रद्धा र शील तथा धार्मिक गतिविति भए तापनि समाधिले गर्दा यस्तो घटना घट्न गएको महशुश गर्न सकिन्छ।

**(३) श्रद्धा, शील र समाधि भएका तर प्रज्ञा नभएका:**

तेश्रो प्रकारको बुद्धमार्गीहरू यस्ता छन्, उनीहरू धर्मको कुरा सुनेर सदाचारी भएर समाधि (ध्यान) मा लाग्छन् र उनीहरू आफ्नो मन चञ्चल नगरी धैर्यवान भएर बस्छन्। मन लगाई काम गदर्छन् र दृढ चित्त भई बस्छन्। तर उनीहरूमा प्रज्ञाको कमी हुन्छ अर्थात् कुनै पनि विषयमा उचित, अनुचित, ठीक, बेठीक, छुट्टाउन सक्ने शक्ति उनीहअरूमा हुँदैन। प्रज्ञा नभएको कारणले गर्दा उनीहरूमा पक्का बुद्धि हुँदैन र अहंकारले ठाउँ लिएको हुन्छ। यही अहंकारको बसमा परी उनीहरूले विचार गदर्छन- हामी ठूला मानिस हौं। हामी ध्यानमा लागेको धेरै वर्ष भैसक्यो। हामी पुराना योगी हौं र अरू नयाँ हुन्, आदि-आदि।



Downloaded from http://www.dhamma.digital

*Best Wishes*

*to all on the auspicious occasion*

*of*

*the 2540th Vaisakh Purnima*

*and*

*Silver Jubilee*

*of*

*Dharmakirti Buddhist Study Circle*

Dhamma.Digital

**Last Frontiers Trekking (P.) Ltd.**

P.O. Box: 881, Lainchaur, Kathmandu, Nepal.
Tel: (Off) 4-16146 Fax: 977-1-414512

Downloaded from http://www.dhamma.digital

**(४) श्रद्धा, शील र समाधि भएका तर प्रज्ञाको मात्रा ठीक नभएका:**

चौथो बुद्धमार्गीहरू हुन्- शील, समाधि र प्रज्ञा भए पनि आफूमा प्रज्ञाको मात्रा ठीक तरिकाले मिलाउन नसकी उनीहरूले दु:खरहित जीवनको रस थाहा पाउन सकिराखेको हुँदैन। यस्ता प्रकारका व्यक्तिहरूमा श्रद्धा नपुगेको र प्रज्ञाको मात्रा बढी भएको कारणले उनीहरूमा स्वार्थपूर्ण ज्ञानले मात्र भरेको हुन्छ। फलस्वरूप उनीहरूले निर्वाण रस (विमुक्ति रस) बुझ्न नसकी दु:खबाट मुक्त हुन सक्दैनन्।

उदाहरणको लागि छन्न भन्ने व्यक्ति सिद्धार्थको बालक काल देखि संगै बसेर हुर्केको साथी थियो। तै पनि पछि ऊ भिक्षु बनेर बुद्ध संगै बसेर पनि श्रद्धा विनाको प्रज्ञाले गर्दा उसको अहंकार बढ्यो। उसले आफूलाई बुद्ध सिद्धार्थ कुमार छँदा देखिको साथी मात्र होइन सिद्धार्थ कुमारले गृहत्याग गर्नु भएको बेला उहाँलाई राजदरवार बाट बाहिर लान साथ दिएको महत्त्वपूर्ण व्यक्तिको रूपमा सम्झी अहंकारी बन्न पुगे। यहाँ उसको शील बिग्रेको थिएन। समाधि पनि बलियो नै थियो। तर शुद्ध प्रज्ञा नभएको कारणले गर्दा उसले सत्यधर्मको रस बुझेको थिएन। शुद्ध प्रज्ञा भए पछि मात्र उनी दु:खबाट मुक्त हुन सक्यो।

**(५) श्रद्धा, शील, समाधिको साथै ब्यावहारीक प्रज्ञा भएका:**

पाँचौ बुद्धमार्गी हुन्- शील, समाधि र प्रज्ञा जस्तै ठीक मात्राको व्यवहारीक प्रज्ञा पनि भएको हुनाले उसका हरेक क्षेत्रमा ठीक, बेठीक, राम्रो, नराम्रो र उचित अनुचित सबै छुट्टाउन समक्ष हुन्छ। उसले दु:खको कारण पत्ता लगाई अलग छुट्टाई फ्याँक्न सक्ने भएकोले ऊ विमुक्ति रस प्राप्त गरी निर्वाणको बाटोमा पुग्न सक्ने सक्षम व्यक्ति भयो।

**सही प्रज्ञामा सम्यक दृष्टि र सम्यक संकल्प समावेश भएको हुनुपर्छ। यी दुई विषय प्रज्ञाको अभिन्न अंग हुन्। श्रद्धा नभएको प्रज्ञाले व्यक्तिलाई स्वार्थी बनाइदिन्छ। प्रज्ञा र श्रद्धा नभएको काम सबै नून नपुगेको खाना जस्तैं नीरस हुन्छ।** अब आफै पत्ता लगाउनुस् तपाईं कुन वर्गको बुद्धमार्गी हुनुहुन्छ?

■


नेपालको गौरव

शान्ति नायक गौतम बुद्धको

जन्म सम्बोधी

तथा

परिनिर्वाणको

२५४० औं उत्सव

तथा

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको

रजत जयन्तिको उपलक्ष्यमा

सबैको सम्वृद्धि

तथा

शान्तिको कामना गर्दछौं।

B.S.C.U. बिजुली

बुटवल स्वदेशी चप्पल उद्योग प्रा. लि.

राजमार्ग चौराह, बुटवल-११

☎ : २०६९४/२०७४०




Downloaded from http://www.dhamma.digital

# HEARTIEST CONGRATULATIONS

TO

# DHARMAKIRTI BUDDHIST STUDY CIRCLE

on its 25th

# ANNIVERSARY

**WORLDWIDE TRADE LINKS**
G.P.O. BOX 474
DHAKHWA BUILDING, NEW ROAD,
KATHMANDU, NEPAL
TEL.: 212856/224315/226527
FAX NO. 977-1-223329

**HOTEL HARATI**
IKHAPOKHARI, CHHETRAPATI,
G.P.O. BOX 289
KATHMANDU, NEPAL
TEL.: 226527/221969/212856
FAX NO. 977-1-223329

**BIJESHWORI PLASTIC IND. (P) LTD.**
G.P.O. BOX NO. 1282
BALAJU INDUSTRIAL DISTRICT,
BALAJU, KATHMANDU, NEPAL
TEL.: 272155/224315
FAX NO. 977-1-223329


Downloaded from http://www.dhamma.digital

# "विषालु बोटमा पानी दिनु हुन्न"



✍ धम्मवती "धम्माचरिय"

"विषालु बोटमा पानी दिनु हुन्न" भन्ने उपदेश भगवान बुद्धबाट वेलुवन स्थित विहारमा आजातशत्रुको सन्दर्भमा दुष्ट देवदत्तलाई गुरू स्वीकारेर आफू समेत नर्क भोग गर्नु परेको निमित्त दिई भन्नु भएको हो ।

राजा अजातशत्रु जसले भगवान बुद्धप्रति विद्वेष राखेर अनेक जुक्तिद्वारा विद्रोह गर्ने पापी देवदत्त प्रति श्रद्धा तथा विश्वास गरी उनको इशारामा तन, मन, धन दिएर सघाएका थिए । आफ्नो पिता श्रोतापन्न प्राप्त धर्मराजा बिम्बिसारलाई देवदत्तकै कुरा मानेर मानसिक तथा शारीरिक दुवै तवरले पीडा दिई सत्ताच्युत गरेर मारीदिएको थियो । आफ्नो गुरू देवदत्तलाई गयाशिर्ष पर्वतमा विहार बनाई दान गरेको थियो ।

**उनको मन्त्रले प्रभावित भै बाघ विस्तारै चलमलाउन थाल्यो। यत्तिकैमा हेरिरहेका साथीहरू डराएर भाग्न थाले। सञ्जिव मन्त्र पढ्दै गए, बाघ जुर्मुराएर उसको घाँटीमै झम्टे।**

घटनाचक्रले मोड लिएर वास्तविकता खुलेर आएपछि अजातशत्रुको विनाश क्रम शुरू भयो । आफ्नो गुरू देवदत्त दुष्टकर्मको प्रायश्चित गर्न नपाई पृथ्वीमा ढस्सिएर मृत्यु भएको थाहापाएर आफ्नो कर्मफलको त्रासले चिन्तित हुन थाले । उनको मनमा अवीचि नर्कको भयानक कल्पनाले ठाउँ लिन थाल्यो । उनको अशान्त मनले कहिं सुख पाउन सकेन । उनलाई नर्कपालले बोलाइरहेको जस्तो भान हुन्थ्यो । उनको मानसिक सन्तुलन विग्रन थाल्यो । आखिरमा उनले आफ्नो त्रसित मन शान्त पार्न बुद्धसमक्ष क्षमा याचना गर्नु उचित ठानी बुद्धको शरण जाने निधो गरे । तैपनि आफूले बुद्धलाई दुःख दिएको, देवदत्तको दुष्कर्ममा सहभागी भई आफ्नो बुवाको हत्या गरेको तथा बुद्धका उपासकहरूलाई दुःख त्रास दिइसकेको हुनाले एकाएक बुद्धकहाँ जाने आँट भएन । आफू भित्र-भित्रै पश्चातापले जलिरह्यो।

त्यस बखत राजगृहमा कार्तिक पूर्णिमाको दिन सबैले दीपावली गरी उत्सव मनाउने रहेछ। राजा अजातशत्रु आफ्ना मन्त्रीगण भेला गराई दरवारको खुल्ला चोकमा बसीरहेका थिए। जीवक वैद्य पनि त्यहाँ थिए।

जीवक वैद्य गौतम बुद्ध प्रति श्रद्धावान उपासक हुन। भगवान बुद्ध त्यसवेला जीवक वैद्यको आम्रवन (आँपको वगैंचा) मा रहनु भएको राजालाई जानकारी थियो। तर बुद्ध भगवानकहाँ शरण जाने आफ्नो मनशाय जीवकलाई भन्न सकेन। त्यसैले कुरा घुमाई राजा अजातशत्रुबाट आज्ञा भयो- "भो मन्त्रीगण, यो रात्री अति रमाइलो तथा मोहक छ। आकासमा सम्पूर्ण नक्षत्र, तारागण चम्किरहेछ; शान्त छ। यस्तो वेला श्रमण वा ब्राह्मण समिप गई धर्मका कुरा सुनेर शान्ति पाउन सके कति हुँदा हो!"

राजा अजातशत्रुको यस्तो आज्ञा सुनेर त्यहाँ उपस्थित सबैले आ-आफ्ना धर्मगुरूहरूको प्रशंसा सहित परिचय दिए।

एक जना मन्त्रीले पुरण कस्सप भन्ने गुरूको तारिफ गर्दै भने- "वहाँको शरणमा राजालाई शान्ति पाइनेछ"। राजा मौन रहे।

अर्को मन्त्रीले आफ्नो गुरू मख्खली गोसालको वयान गर्दै विन्ति गरे- "महाराज, वहाँ सवारी भए मनमा शान्ति पाइने छ।"

फेरि अर्का मन्त्रीले भने- "महाराज, अजित केश कम्वल नामको गुरू योग्य छ। त्यहाँ सवारी भए शान्ति पाइन्छ।"

यस्तै कोहिले पकुध कच्चायनको नाम सिफारिस गरे त कोहिले सञ्जय वेलठ्ठि पुत्र भन्ने गुरुको वयान गरे। अन्तमा निठ्ठन्थ नातपुत्रको वयानले पनि राजाले सन्तोष हुन सकेन। सबै मौन रहे।

राजा अजात शत्रुको मनमा जीवक वैद्यले आफ्नो गुरु भगवान बुद्धको वयान गरून भन्ने चाहना रहेको



Downloaded from http://www.dhamma.digital

# अनाधिकार विद्युत उपभोग नगरौं !

विद्युत चुहावट प्रभावकारी ढंगले नियन्त्रण गर्नको लागि नेपाल विद्युत प्राधिकरणले "विद्युत चुहावट नियन्त्रण विनियमावली २०५०" लागू गरेको छ । सो विनियमावली अनुसार देहायको कुनै पनि अवस्था फेला परेमा अनाधिकार विद्युत उपभोग गरेको अनुमान गरी जिम्मेवार अधिकारीले विद्युत लाइन काटी नियमानुसार कारवाही गरिने छ ।

(१) प्राधिकरणको स्वीकृति नलिई वितरण प्रणाली:- सर्भिस केबुल, सडक बत्तिको लाइन आदिमा कुनै तरिकाबाट लाइन जोडी विद्युत शक्ति उपभोग गरेमा,

(२) मिटरको मेन लाइनबाट लोड जोडेमा वा सन्टगरी मिटरमा पूरा खपत नबढ्ने गरेमा,

(३) मिटरको टर्मिनल सील र टेष्ट सील बिगारेमा वा प्राधिकरणको सीलको सट्टा अरू कुनै सील भएमा,

(४) मिटर भित्र कुनै प्रकारको बाह्य पदार्थ पसालेको पाइएमा,

(५) टर्मिनल लिंक खोलेको पाइएमा ।

माथि उल्लेखित अवस्था वा विद्युतको अनाधिकार उपभोग हुने अन्य कुनै तरिका अपनाएमा ।

**नबिर्सौं विद्युत दुरुपयोग गर्नु राष्ट्रिय अपराध हो ।**

## नेपाल विद्युत प्राधिकरण

वितरण तथा ग्राहक सेवा निर्देशनालय

Downloaded from http://www.dhamma.digital

थियो। तर जीवक वैद्यले पनि राजा स्वयंले सोधे मात्र भन्ने विचार गरेको थियो। शान्त भएर वसेका जीवक वैद्यलाई राजाले प्रश्न गरे- "हे जीवक, तिमी किन मौन रहको? सबैले आ-आफ्ना गुरुको वयान गरीसके। के तिम्रो गुरु छैनन्?"

जीवक वैद्यले आफ्नो आम्रवनतीर फर्केर तीन पटक बुद्धं शरणं गच्छामी, धम्मं शरणं गच्छामी, संघं शरणं गच्छामी भनी हात जोडेर वन्दना गरीसकेपछि अरहं आदि बुद्धका ९ गुण, बुद्धद्वारा राम्ररी व्याख्या गरेको धर्मको ६ गुण तथा सुपटिपन्न आदि ९ संघ गुण वयान गर्दै क्लेश रूपी आगो निभाई सकेका बुद्धका शर णमा गए शान्ति र आनन्द प्राप्त हुने कुरामा आफ्नो पूरा विश्वास भएको भन्दै आफ्नो आम्रवनमा अढाई सय भिक्षु सहित भगवान रहेको कुरा विन्ति गरे।

वैद्यबाट यति कुरा सुनेपछि राजाको अनुहार प्रसन्न देखियो। आफ्नो सन्तोष व्यक्त गर्दै राजाले हुकुम भयो- "जीवक, त्यसोभए छिट्टै वहाँ जानुपर्‍यो । हात्ती, घोडा आदि चाहिने प्रबन्ध मिलाउनु।"

राजाको आज्ञा अनुसार हात्ती, घोडा सहित प्रसस्त आरक्षकहरू जीवक वैद्यले आफ्नो आम्रवन तर्फ लैजान तयार पारे। राजा अजातशत्रु हात्तीमा सवार भई परिवार का अन्य सदस्य सहित भगवान बुद्ध कहाँ गए।

जीवकको आम्रवनमा सारा भिक्षुहरू निःशब्द एवं निश्चल भएर बुद्धको उपदेश सुनिरहेको दृश्य देखेर राजाले आश्चर्य मान्दै भने- "यहाँ त जाडो याममा समुद्रको शान्त पानीमा तैरिरहेको ठूलो डुंगा जस्तो लाग्दछ। यस्तो आनन्द दिने वातावरण मैले पाएको छैन।" श्रद्धाले विभोर हुँदै एकाकुनामा बसी भगवान बद्धलाई वन्दना गरी उपदेश सुने। उपदेश पछि राजा अजातशत्रुले भगवानसंग सामान्य फलसुत्र बारे जान्न चाहे। त्यस पछि दुई परिच्छेदको सामञ्ञ फलसुत्रको व्याख्या सुनिसक्दा राजा वोधं भएर मन हलुका भएको अनुभव गरे। अनि अति हर्ष एवं आनन्दपूर्वक अजातशत्रु राजाले बुद्धको शरण गएर दाहिनेतिरबाट परिक्रमा गर्दै वन्दना गरी दरवारमा फर्के।

पछि बुद्धले भिक्षुहरूलाई अजातशत्रुका बारे बुझाउँदै आज्ञा भयो- "राजा अजातशत्रु आफैंले खनेको खाल्दोमा परेको हो अथवा उनले आफ्नै खुट्टामा बञ्चरो हानेका हुन्। आफ्नो मार्गफलज्ञान आफैंले नाश गरे। नराम्रो संगत अथवा भनौं विषालु बोटमा पानी दिएको हुनाले आफ्नो अमूल्य जीवन नाश गर्‍यो वा कलंकित पार्‍यो। राज्यसत्ताको लोभमा आफ्नो बुबाको हत्या नगरेको भए अजातशत्रु यही सामञ्य फलसुत्रको व्याख्या सुनेपछि क्लेश रहित भई श्रोतापत्ति मार्गरूपी आँखा खुल्ने थियो। मूर्ख देवदत्तको वशमा परेर आफ्नो बुबा समेत मारेको हुँदा काटिसकेको जगरको रूख फेरि नपलाए झैं श्रोतापत्ति ज्ञानमार्ग रहित भई दुःख मुक्तिबाट बञ्चित हुनु पर्‍यो। यसो गरेर अजातशत्रुले आफूलाई पनि हानी गर्‍यो र अरुलाई पनि हानी पुर्‍यायो भन्दै पहिले पहिले भएको घटनाको उदाहरण दिनु भयो।

पहिले वारणसी देशमा ब्रह्मदत्त राजाले राज्य गर्दा एउटा धनाढ्य ब्राह्मण कुलमा बोधिसत्वको जन्म भएको र पछि ठूलो भएर तक्षशिलाका दिशापामोक्ष गुरुबाट सबै विद्यामा पारंगत भई वाराणसी फर्केर ५०० कुमारहरूको दिशापामोक्ख गुरु बनेका थिए। ती विद्यार्थी मध्ये सञ्जीव नामको एक कुमारले मरेकालाई जीवित तुल्याउने मन्त्र जानेका रहेछन्। तर उनले फेरि मार्ने मन्त्र भने सिकेका थिएनन्। एक दिन अरू साथीहरूसंग जंगलमा दाउरा खोज्न जाँदा मरेको बाघ देखेछन्। यही मौका पारेर सञ्जयले आफ्नो पुरुषार्थ बारे साथीहरूलाई सुनाए। मरीसकेको बाघ जिउँदो पार्न सकिदैन भन्ने साथीहरूको पूर्ण विश्वासलाई चुनौति दिंदै साथीहरूलाई पत्यार दिलाउन ऊ बाघको नजिक गई मन्त्र पढ्न थाले। **उनको मन्त्रले प्रभावित भै बाघ विस्तारै चलमलाउन थाल्यो। यत्तिकैमा हेरिरहेका साथीहरू डराएर भाग्न थाले। सञ्जिव मन्त्र पढ्दै गए, बाघ जुर्मुराएर उसको घाँटीमै झम्टे।** विचरा सञ्जिवले प्राण त्यागे। भयो। भागेर बचेका अरू विद्यार्थीहरूले गुरुलाई सबै घटना सुनाए। बोधिसत्व गुरुले भने- "खराव या नराम्रो गर्नेलाई उपकार गर्नु विनाशको मूल कारण हो। जस्तो विषालु बोटमा पानी हाल्दा अवश्य सप्रिन्छ तर त्यसले हानी गर्छ। त्यसैले पानी दिंदा फलको बोट, अमृतको बोट या विषको बोट हो थाहा पाउनु पर्दछ।

(अनुवादकः रोसनकाजी तुलाधर, साभारः "धर्मकीर्ति" बु.सं. २५२३) ■



Downloaded from http://www.dhamma.digital

**Best Wishes on the**
**Auspicious Occasion of the Silver Jubilee Anniversary**
**of**
**Dharmakirti Buddhist Stuty Circle**

## Dechenling Tibetan Restaurant & Bar

Tridevi Marg, Sanchayakosh Building
(Opposite Immigration Office)
Kathmandu, Nepal
Tel.: 225195, 412158

*All the Best Wishes*
*on the Auspicious Occasion of*
**the 2540th Vaisakh Purnima**
*and*
**Silver Jubilee *of* Dharmakirti Buddhist Study Circle**

## CLASSIC
## Fiberglass Industry Pvt. Ltd.

**HELPS YOU**

*in designing to your order.*

*Contact us to get utmost satisfaction with*
*CLASSIC's designing*
*to your requirement for convenience.*

***Get in touch directly if moulding fiberglass products is suited to you.***

**CLASSIC Products:**

***Bath-Tub, Wash Basin, Shower Tray, Sink, Cistern, Pan and Trap, Chair, Table, Stool, Plain G. I. & A. C. Corrugated Translucent Roof Light Sheet, Krinkal Glass, Fluid Liquid Storage Vessel and Tank with Pipe Linings etc...***

*Factory Address:*
Sunar Goun, Balkhu, Kathmandu, Nepal.

*Office Address:*
Indra Chowk, Kathmandu, Nepal.
P. O. Box: 3136

*Telephone Number:*
Fac: 274107 Off: 227709, Fax: 977-1-526081

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार-एक परिचय

✍ इन्द्रकुमार नकर्मी
✍ अरूणसिद्धि तुलाधर

**परिचयः**

काठमाडौं उपत्यकाका थेरवाद बौद्ध बिहारहरूमध्ये धर्मकीर्ति विहार पनि एक हो। अनगारिका गुरूमांहरू मात्र बसोबास गर्ने सो धर्मकीर्ति विहार काठमाडौंको नःघल टोल स्थित श्रीघः चैत्यको उत्तरपट्टी अवस्थित छ। करिव ६० फिट × ६२ फिटको जग्गामा निर्मित सो विहारको भवनको भुईं तल्लामा ५०० जना अट्ने क्षमता भएको एउटा हल छ। ३ तल्ला १३ कोटा भएको यस विहारमा २८ जना अनगारिका बसोबास गर्दैहुनुहुन्छ।

**निर्माण पृष्ठभूमिः**

बर्मामा आफ्नो अध्ययन पूरा गरी अनगारिका धम्मवती आफ्ना सहयोगी गुरूमांहरू मा. गुणवती र अनगारिका रत्नमञ्जरीका साथ वि.सं. २०२० आश्विन ७ गते नेपाल फर्कनु भयो। बस्नको लागि विहारको व्यवस्था नभएकोले पाटन, हौगल स्थित अ. धम्मवतीको बुबाको घरमा २ महिना उहाँहरू बस्नुभयो। त्यस समयमा गणमहाविहारमा भिक्षु सुमंगलद्वारा स-साना बाल-बालिकाहरूलाई बुद्धशिक्षाको कक्षा सञ्चालन गरिराख्नु भएको थियो। आफू जापान जानु अघि भिक्षु सुमंगलले सो कक्षा ती तीनजना अनगारिकाहरूको जिम्मा लगाइदिनुभयो। अनगारिका गुरूमांहरूले पनि काठमाडौं ज्याःबहाल स्थित भाजुरत्न, ज्ञानमानको घरमा रही बाल-बालिकाहरूलाई बुद्धधर्मको शिक्षा दिनुभयो साथसाथै काठमाडौं, ललितपुर र भक्तपुरको टोल-टोलमा प्रवचन दिंदै बुद्धधर्मको व्यापक प्रचार गर्दै जानुभयो। यसै बीच गुंला (श्रावण शुक्ल र भाद्र कृष्णको एक महिना जसलाई धर्म गर्ने विशेष महिना मानिन्छ) एक महिनाभरी बुद्ध पूजा र धर्मदेशनाको कार्यक्रम आयोजना गर्न केलटोल, तःखाछेँ स्थित दानलक्ष्मी कंसाकारको घरमा उहाँहरू रहनु भयो। उहाँहरूको धर्मदेशनाबाट प्रभावित भएका उपत्यकावासीहरूले शहरको बीचैमा उहाँहरू बसोवास गर्न एक विहार स्थापना हुनुपर्ने महशुश गरे। तदअनुसार विहार निर्माण गर्न नःघल टोल, श्रीघः स्थित श्री रत्न बहादुर मालीको ६० फिट लम्बाई र ३१ फिट चौडाइ भएको जग्गा खरिद गर्ने निर्णय गरियो। अ. धम्मवतीका पिता हर्षमान शाक्यले छोरीको नाममा छोडेको रकम रू. ३०००/- बाट जग्गाको मूल्य तिरियो र रजिष्ट्रेशन खर्च रू. ५००/- . काठमाडौं ज्याबहालका चतुररत्न शाक्यले व्यहोर्नु भयो। यसैप्रकारले असनका लक्ष्मीप्रभा तुलाधर, जमलका केशरीलक्ष्मी कंसाकार र तःखाछेंका दानलक्ष्मी कंसाकारको विशेष सहयोगका साथै अन्य उपासक उपासिका-हरूको ठूलो सहयोगमा वि.सं. २०२१ सालमा काँडै काँडाको बगैंचामा करीव रू. ६५,०००/- को लागतमा ४२ फिट लम्बाई र २१ फिट चौडाई भएको उक्त एक तल्ले भवनको निर्माण भयो। धर्मप्रचार गर्ने उद्देश्यले बनाइएको विहारको नाम "धर्मकीर्ति" राख्दा उपयुक्त हुने भन्ने मरूका हेरालानी ताम्राकारको सुझाव अनुसार नामाकरण गरिएको सो विहारको उद्घाटन वि.सं. २०२२ साल वैशाख २६ गते शनिवारका दिन भयो।

**विकासक्रमः**

धर्मकीर्ति विहारलाई वर्तमान अवस्थासम्म ल्याई पुऱ्याउनुमा गुरूमांहरूका साथै उपासक उपासिकाहरूको पनि ठूलो योगदान रहेको छ। विहारको इतिहासलाई केलाएर हेर्दा निम्न अनुसार विहारको विकास भएको पाइन्छ।



Downloaded from http://www.dhamma.digital

"खानलाई बाच्ने हैन, बाच्नलाई खान सिक" - बुद्ध

नेपालका महान सपूत

# सिद्धार्थ गौतमको

जन्म, सम्बोधि र महापरिनिर्वाण दिवस

२५४० औं बैशाख पूर्णिमा एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको

रजत-जयन्तीको उपलक्ष्यमा

## हार्दिक शुभ-कामना

KMM काठमाडौं मैदा मिल्स प्रा.लि.

बालाजु औद्योगिक क्षेत्र, पत्रमन्जुषा ३५१, काठमाडौं (नेपाल) फोन नं. २७२२२१, टेलेक्स: २७२२ नेविको एन पी

२५४० औं

बैशाख पूर्णिमाको उपलक्ष्यमा शुभकामना साथै

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको

रजत-जयन्तीको उपलक्ष्यमा गोष्ठीको

उत्तरोत्तर प्रगतिको लागि

## हार्दिक शुभकामना

हिमाल फूटवयर इण्डष्ट्रीज प्रा. लि.

विजेश्वरी, काठमाडौं

फोन : २७०१४०

Downloaded from http://www.dhamma.digital

| क्र.सं. | निर्माण भएको | दाता | साल (वि.सं.) |
|---|---|---|---|
| १. | ४२' × २१' को एक तल्ले भवन | लक्ष्मीप्रभा, केशरीलक्ष्मी, दानलक्ष्मी र अन्य | २०२१ |
| २. | पूर्वको भान्छा कोठा र बिजुली जडान | हेराकाजी, डिल्लीबजार | २०२४ |
| ३. | धारा र स्नान कक्ष | नन्दलाल जोशी | २०२५ |
| ४. | २१' × १०' को उक तल्ला थप | हेराथकुं शाक्य र मोतीकाजी शाक्य | २०२५ |
| ५. | हल विस्तार तथा पूर्व उत्तरमा एक कोठा थप | हेराकाजी, डिल्लीबजार, कुलिशरत्न (ज्याठा) र जुजुरत्न (थाय्मदु) प्रमुख बुद्ध पूजाका उपासक-उपासिकाहरू | २०२८ |
| ६. | पूर्व दक्षिणमा एक कोठा थप | माताको स्मृतिमा हेरादेवी, जनबहाल | २०३० |
| ७. | दोस्रो तल्लामा सानो कोठा एक | ताराशोभा स्थापित, ज्याठा | २०३० |
| ८. | दोस्रो तल्लाको पश्चिममा बुद्धमूर्ति सहितको हल र तेस्रो तल्लामा तीन कोठा | माता, पिता र कान्छा साहुको स्मृतिमा हर्षरत्न, सानुरत्न स्थापित, ज्याठा | २०३२ |
| ९. | करीब ६०' × ३१' को जग्गा सहित उत्तर पट्टी ठूलो भान्छा कोठा र पुस्तकालय | मणिहर्ष ज्योति र केशरीलक्ष्मी कंसाकार | २०३४ |
| १०. | बगैंचामाथी छत लगाई बुद्ध पूजा गर्ने हल विस्तार | हेराकाजी राजकर्णिकार, डिल्लीबजार र आशमाया राजकर्णिकार, मरू | २०३७ |
| ११. | सुनको जलप भएको तामाको अभयदान मुद्राको बुद्ध मूर्ति | बुद्ध पूजाका उपासक उपासिकाहरू | २०३८ |
| १२. | सो मूर्तिको दायाँपट्टी सानो बुद्धमूर्ति | दो.चि.चि., बर्मा | २०२१ |
| १३. | सो मूर्तिको बायाँपट्टी सानो बुद्धमूर्ति | चन्द्रमाया, गोफल | २०३८ |
| १४. | पश्चिम र दक्षिणतिर दुई पटक गरी कौसीमा छत लगाई कोठा विस्तार | भिमबहादुर, दिलमाया, मासंगल्ली | २०४०,२०४३ |
| १५. | ट्यूबवेल | अष्टमाया, मोहन महर्जन, तंलाछी | २०४० |
| १६. | पश्चिम छेउमा भान्छाको टहरा | आजीवन सदस्यहरूको कोषको ब्याजबाट | २०४१ |
| १७. | ट्युबवेल मर्मत | कृष्णदेवी मानन्धर, क्षेत्रपाटी | २०४३ |
| १८. | तेस्रो तल्लामा उत्तर पट्टी एक कोठा | माता हेराथकुंको स्मृतिमा अ. धम्मवती प्रमुख परिवार | २०४५ |
| १९. | पश्चिमतिर जमिन मुनी पानी ट्यांकी निर्माण | मंगललक्ष्मीको स्मृतिमा | २०४५ |
| २०. | पश्चिममा इनार निर्माण | बुद्ध पूजाका उपासक उपासिकाहरू | २०४७ |
| २१. | तेस्रो तल्लाको पूर्व दक्षिण कुनाको एक कोठा | भिमबहादुर, दिलमाया, मासंगल्ली | २०४८ |
| २२. | उत्तरपट्टी पुरा एक तल्ला थप | मणिहर्ष ज्योति, केशरीलक्ष्मी कंसाकार | २०४८ |
| २३. | ट्यूबवेल मर्मत | आजीवन सदस्यहअरूको कोषको ब्याजबाट | २०५१ |
| २४. | शौचालय ८ वटा | आजीवन सदस्यहरूको कोषको ब्याज, अ. रत्नमञ्जरी र अ. धम्मवतीबाट | २०२२ देखि हालसम्म |



Downloaded from http://www.dhamma.digital

**KaMI**

***Aluminum Doors and Windows, Frames & Shutters***

*Now Available in Market*

*Rush to Order*

*To Protect Environment*

**Manufactured by:**

**KATHMANDU METAL INDUSTRIES**

*Head Office:*
P.O. Box 686, Jyatha
Tel. 22 66 89, 22 41 74

*Factory:*
Bhaisepatti, Banepa
Tel.: (011) 61439

*Congratulation!*

***Dharmakirti Buddhist Study Circle***

*on 25th Anniversary being on the Footsteps of Lord Buddha*

**DORJE SCHOOL**

**Bouddha, Kathmandu, NEPAL**
**Tel.: 471373**

***Let's Keep***
***"Light of Asia" gloom for***
***the Prosperity of every being.***

**LITTLE ANGELS SCHOOL**

Jawalakhel, Lalitpur
Tel. : 521641 / 536631

**बुद्ध सम्वत् २५४० व**
**"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" या**
**रजत जयन्तीया लसताय्**
**सकसित भिंतुना ।**

NU-TECH (P) LTD.
KATHMANDU

**न्यू-टेक् प्रा. लि.**

इखापुखू:, फोन: २२८६३९

[आधुनिक प्रविधियागु आल्मोनियम झ्या:, लखा, अफिस पार्टिशन आदिया उत्पादनकर्ता ]

Downloaded from http://www.dhamma.digital

## विहारको उद्देश्यः

बुद्धशिक्षालाई अझबढी प्रभावकारी ढंगले जनमानसमा फैलाउन सकोस् भन्ने हेतुले धर्मकीर्ति विहारले निम्नानुसारको उद्देश्यहरू राखी आफ्नो क्रियाकलाप अगाडि बढाउँदै आएकोछ।

१) बुद्धशिक्षाको प्रचार-प्रसार गर्नु।
२) महिलाहरूलाई विभिन्न सामाजिक क्रियाकलापमा संलग्न गराई उनीहरूको उत्थान गर्नु।
३) युवा वर्गलाई बुद्धधर्मसित परिचित गराउनु।
४) युवा वर्गलाई बुद्धधर्म अध्ययन गराई त्यसलाई व्यवहारमा उतार्न प्रोत्साहन दिनु।
५) ध्यानशिविर सञ्चालन गर्नु।
६) देश र विदेशका बौद्ध तीर्थस्थलहरूमा तीर्थयात्राको आयोजना गर्नु।

## विहारमा बसोवास गर्ने अनगारिकाहरूः

नेपालमा शुद्ध बुद्धधर्म प्रचार-प्रसार गर्ने दृढ संकल्प राखी नेपाल पाल्नु भएका यस विहारका प्रमुख अ. धम्मवतीका साथमा नेपाल आउनु भएका मा. गुणवती र अ. रत्नमञ्जरीको ठूलो सहयोगले नै धर्मकीर्ति विहार यस अवस्थामा पुगी थुप्रै अनगारिकाहरू बसोवास गर्न योग्य भएको छ। जस अनुसार यस विहारमा बसोवास गर्ने गुरूमांहरू क्रमैसंग यसप्रकार छन्:

| क्र.सं. | प्रव्रजित नाम | गृहस्थ नाम | जन्मस्थान |
|---|---|---|---|
| १. | दो. गुणवती (हाल म्यानमारमा) | मा. खें तां | म्यानमार (बर्मा) |
| २. | अ. रत्नमञ्जरी | नानीमैया श्रेष्ठ | चैनपुर |
| ३. | अ. धम्मवती | गणेश कुमारी शाक्य | पाटन |
| ४. | अ. धम्मदिन्ना (चमेली) | चमेली शाक्य | पाटन |
| ५. | अ. अनोजा (हाल बनारस) | सारदा मानन्धर | बनेपा |
| ६. | अ. अनुपमा | मानशोभा शाक्य | पाटन |
| ७. | अ. पञ्ञावती | बिन्द्रा मानन्धर | बनेपा |
| ८. | अ. जवनवती (हाल म्यानमार) | सिद्धि बज्राचार्य | काठमाडौं |
| ९. | अ. संघवती | चन्द्रप्रभा बज्राचार्य | तानसेन |
| १०. | अ. केशावती | गुणकेशरी शाक्य | पाटन |
| ११. | अ. खेमावती | गुणलक्ष्मी महर्जन | काठमाडौं |
| १२. | अ. धम्मविजया | ज्ञानहीरा तुलाधर | काठमाडौं |
| १३. | अ. दानवती (हाल म्यानमार) | रत्नमाया महर्जन | बलम्बु |
| १४. | अ. त्यागवती (हाल म्यानमार) | पञ्चमाया महर्जन | बलम्बु |
| १५. | अ. पुण्यवती (हाल श्रीलंका) | रमिता महर्जन | बलम्बु |
| १६. | अ. मेत्तावती (हाल श्रीलंका) | सानुमाया श्रेष्ठ | बलम्बु |
| १७. | अ. नन्दावती (हाल म्यानमार) | रविन महर्जन | काठमाडौं |
| १८. | अ. सुनन्दावती (हाल म्यानमार) | बासु मानन्धर | बनेपा |
| १९. | अ. धजवती | कुसुम शाक्य | पाटन |
| २०. | अ. इन्दावती (हाल टाइवान) | उर्मिला बज्राचार्य | काठमाडौं |
| २१. | अ. जयवती (हाल टाइवान) | मंगल शाक्य | पाटन |
| २२. | अ. वीर्यवती | सुशिला मानन्धर | काठमाडौं |
| २३. | अ. सारवती (हाल म्यानमार) | वर्षा भट्टराई | खैरी चुन्दनपुर |
| २४. | अ. शुभवती | ठकुरी माया तामाङ | धादिङ |
| २५. | अ. सुखवती | सीता तुलाधर | धादिङ |
| २६. | अ. सुमेधावती | चिनीदेवी शाक्य | धरान |
| २७. | अ. सत्यवती | साबित्री | त्रिपुरा, भारत |
| २८. | अ. सोनावती | लक्ष्मी महर्जन | काठमाडौं |

उहाँहरू बाहेक यसै विहारमा प्रव्रजित अ. रूपावती अध्ययनको सिलसिलामा म्यानमारमा रहँदा वि.सं. २०४५ असार ५ गतेका दिन म्यानमार (बर्मा) मै निधन भएको थियो।

यस अतिरिक्त यस विहारमा बसोबास गरिसक्नु भएका केही अनगारिकाहरूले हाल आ-आफूले अलग-अलग विहार सम्हालेर बस्नुभएको छ। उहाँहरू र उहाँहरूले सम्हाल्नु भएको विहारहरू यस प्रकार छः

| | |
|---|---|
| अ. कमला र अ. करूणवती | पद्मकीर्ति विहार, कमलपोखरी, काठमाडौं |
| अ. शरणशिला | विश्व शान्ति मन्दिर, बसुन्धराडोल, महाराजगञ्ज, चक्रपथ |
| अ. सुनन्दी र अ. ध्यानवती | ध्यानकुटी विहार, बनेपाको अनगारिकाराम |

## व्यवस्थापनः

विहारको सम्पूर्ण व्यवस्था मिलाउन विहारका अनगारिकाहरूको समूहबाट प्रतिनिधि, संस्थापिका अ. धम्मवतिको परिवारबाट प्रतिनिधि, विहारका दाताहरूको समूहबाट प्रतिनिधि, अध्ययन गोष्ठीबाट



Downloaded from http://www.dhamma.digital

२५४० औं बैशाख पूर्णिमा एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत-जयन्तीको उपलक्ष्यमा तपाईंहरूको सुख, सुस्वास्थ्य र समृद्धिको लागि

**हार्दिक शुभ-कामना।**

**श्री बेकरी प्रा. लि.**

पाटन औद्योगिक क्षेत्र, ललितपुर

फोन नं. ५२५३०१



**धर्मकीर्तिको रजत जयन्तिको उपलक्ष्यमा शुभकामना!**

***Mercantile Office Systems***

***Durbar Marg, Phone: 220773***

We Congratulate Dharmakirti Buddhist Study Circle on Completing 25th Successful Years!

**KHUMBI-ILA**

**Mountaineering and Trekking (P.) Ltd.**

P.O. BOX NO. 731, KATHMANDU, NEPAL

(Remember us for Trek in Nepal, India, Tibet, Bhutan)

***"If they make it we repair it"***

KUBER ELECTRONICS

For the maintenance of TV, VCR and electronic equipments. We deal in both single/three phase UPS & power inverters. Battery chargers of various capacity, Solar regulators of various ampere ratings, Rechargeable portable lanterns, 12 Volt DC Blast for PL tubes, Solar photovoltiac modules etc.

Mail : Pako New Road
Kathmandu, P. O. Box: 9332
Nepal

Phone : 233764
Fax : 220704

Downloaded from http://www.dhamma.digital

प्रतिनिधिका साथै उपासक उपासिकाहरूको पनि सहभागीता रहेको "धर्मकीर्ति विहार संरक्षण समिति" (ध.स.स.) वि.सं. २०४५ सालदेखि कार्यरत छ। इच्छुक उपासक-उपासिकाहरूलाई सदस्यता शुल्क रू. १०५/- प्रति व्यक्ति लिई विहारको आजीवन सदस्य बनाइन्छ। वि.सं. २०४२ सालदेखि आजीवन सदस्य बनाउन शुरू गरिएको यस विहारमा हालसम्म ५३९ जना श्रद्धालुहरू आजीवन सदस्य बनीसकेका छन्। सदस्यता प्रदान गरेवापत संकलित रकम ध.स.स.को सञ्चालनमा रहेको अक्षय कोषमा जम्मा गरिन्छ, जुन कोषको ब्याजबाट विहारको आर्थिक व्यवस्था मिलाइएको छ। त्यस्तै समय-समयमा बुद्धपूजाका उपासक उपासिकाहरूद्वारा विहारका गुरूमाहरूलाई प्रदान गरिने जलपान तथा भोजन दान र अन्य आर्थिक सहयोगबाट व्यवस्थापनमा ठूलो टेवा पुगेको छ।

**गतिविधि:**

आफ्नो उद्देश्य अनुरूप यस विहारले अटुट रूपमा धार्मिक एवं सामाजिक कृयाकलापहरू गर्दै आएको छ। ती मध्ये केही प्रमुख क्रियाकलापहरू यस प्रकार छन्:

(१) **धार्मिक गतिविधि:**

**क) बुद्धपूजा:** प्रत्येक संक्रान्ति, पूर्णिमा, औंसी र अष्टमी दुई पटक गरी एक महिनामा जम्मा पाँच पटक बुद्धपूजा र धर्मदेशना गरिन्छ। त्यस्तै गुंला महिना भरि हरेक दिन बुद्धपूजा र धर्मदेशना गरिन्छ।

**ख) बालकक्षा:** स्कूल पढ्ने बाल-बालिकाहरूका लागि विहारका गुरूमांहरूले स्कूलको पाठचक्रमका साथै बुद्धधर्म सम्बन्धि कक्षा समय-समयमा सञ्चालन गर्दै आएको छ।

**ग) ध्यानशिविर:** बुद्ध शिक्षाको अध्ययन अनुसार अभ्यास गर्न गराउन यस विहारले समय समयमा ध्यानशिविरहरू सञ्चालन गर्दै आएको छ। हालसम्म बर्माका प्रसिद्ध ध्यानगुरुहरू दो. पञ्ञाचारी, दो. सुखाकारी, महासी सयादो, सयादो ऊ. सुन्दर, सयादो ऊ. पण्डित, सयादो ऊ. ञाणिस्सार, सयादो ऊ. आसभाचारको रोहबरमा ध्यानकुटी, विहार (बनेपा), प्रविधिपूर्ण विहार (बलम्बु), लुम्बिनी बुद्ध विहार (लुम्बिनी), धर्मशीला बुद्ध विहार (पोखरा), सुगतपुर विहार (त्रिशुली) र धर्मकीर्ति विहारमै ध्यान शिविरहरू सञ्चालन भैसकेको छ। त्यस्तै हरेक पूर्णिमा र गुंला एक महिनासम्म पनि इच्छुक साधकहरूलाई यस विहारको ध्यानागारमा ध्यान गराइन्छ जसमा नेपाल विपश्यना केन्द्र (धर्मश्रृङ्ग), बुढानीलकण्ठका सहायक आचार्य अ. रत्नमञ्जरीले साधकहरूलाई मद्दत गर्नुहुन्छ।

**घ) ऋषिनी प्रब्रज्या:** बालिकाहरूलाई १२ दिनसम्म एकै कोठामा थुनी गुफा राख्ने परम्परा नेपालमा विद्यमान छ। गुफा राख्नाले बालिकाहरूको स्वास्थ्यमा आउन सक्ने खरावी एवं अन्य समस्याहरूको कराणले यस परम्पराको विकल्पको रूपमा वि.सं. २०२३ सालमा यस विहारले ऋषिनी प्रब्रज्याको थालनी गऱ्यो। ऋषिनी प्रब्रज्यामा बालिका अथवा महिना (उमेरको सीमा छैन) लाई विशेष वस्त्र लगाई १२ दिनसम्म (इच्छानुसार बढाउन पनि सकिन्छ) विहारमा राखी अष्टशील पालना गराइन्छ। यसप्रकार ऋषिनी प्रब्रज्या हुँदा गुफा राख्ने बेलाको सम्भावित खरावी र समस्या मात्र हट्ने नभई बुद्धशिक्षाको अध्ययन गर्ने राम्रो अवसर समेत पाउने र आफ्नो अनुकूल जुनसुकै समयमा पनि बस्न सकिने हुँदा यसको लोकप्रियता दिनप्रतिदिन बढ्दै गएको छ।

**ङ) तीर्थयात्रा:** भगवान बुद्धद्वारा प्रशंसित संवेजनीय स्थानहरूको दर्शन गराउने उद्देश्यले यस विहारले समय समयमा



Downloaded from http://www.dhamma.digital

विश्वबन्धु महामानव, नेपालका सपूत, विश्वका ज्योति
भगवान बुद्धको जन्म, बोधिज्ञान लाभ र
महापरिनिर्वाण दिवस २५४० औं

**बैशाख पूर्णिमा**

एवं

**धर्मकीर्तिको बौद्ध अध्ययन गोष्ठीको**

रजत-जयन्तीको पुनीत अवसरमा समस्त प्राणीहरूको
सुख, समृद्धि र चित्त शुद्धिको
कामना गर्दछौं ।

**ताम्राकार हाउस**

शुक्रपथ, फोन: २२०९०७

*Congratulation!*

**Dharmakirti Buddhist Study Circle**

*on 25th Anniversary being on the Footsteps of Lord Buddha*

**INTERNATIONAL TREKKERS PVT. LTD.**

TREKS AND TOURS IN THE HIMALAYAS OF NEPAL SIKKIM AND BHUTAN

P.O. Box No. 1273
Chabahil, Kathmandu, Nepal
Tel. : 413397/418594, Tlx: 2353 INTREK NP
Fax : 977-1-418561

विभिन्न क्याम्पस,
स्कूल
अफिसको युनिफर्म सारी, कपडा
तथा विभिन्न
डिजाइनका पर्दा कपडाको
मुख्य उत्पादक

**दया टेक्स्टाइल**

ताहाचल
☎ : २७५२४१, २७१४४२

बुद्ध धर्म संघको निम्ति
ध.बौ.अ.गो. का २५ वर्ष
सामाजिक सुख–शान्तिका निमित्त
प्रेरणादायी छन् ।

**२५४० औं बैशाख उत्सवको शुभ-कामना सहित**

**नमस्ते स्टोर्स**

१०/४५८ केलटोल, मासंगल्ली
फोन: २२३७१८
२२३६६९


Downloaded from http://www.dhamma.digital

तीर्थयात्राको आयोजना गर्दै आएको छ। यसै क्रममा हालसम्म नेपाल तथा भारतका विभिन्न बौद्ध तीर्थस्थलहरूका साथै बर्मा, श्रीलंका, थाइलैण्ड, मलेशिया, सिंगापुर, टाइवान आदि राष्ट्रहरूमा तीर्थयात्राको आयोजना गरिसकेको छ।

(२) **सामाजिक गतिविधि:**

**क) प्रौढ कक्षा:** बुद्धपूजामा आउनुहुने वयस्क उपासक उपासिकाहरूले बुद्धशिक्षाको राम्रो ज्ञान हाँसिल गर्न सकुन् भन्ने हेतुले समय-समयमा प्रौढ कक्षाको पनि आयोजना यस विहारले गर्दैआएको छ।

**ख) सफाई अभियान:** विहार एवं श्रीघ: चैत्यको सरसफाई गर्न बुद्धपूजाका उपासक उपासिकाहरूको १२ वटा समूह बनाइएको छ। प्रत्येक पूर्णिमाको अघिल्लो दिन विहार, चैत्य एवं वरिपरि ती समूहहरूले पालैपालो सफा गर्दछन्।

**ग) समाज सेवा:** देशमा विभिन्न समयमा आएको प्राकृतिक प्रकोपका पिडित्हरूलाई लत्ता कपडा र खाद्यान्नको वितरण, टुहुरा तथा असहायहरूका लागि सेवा, हरेक वैशाख पूर्णिमाका दिन वीर हस्पताल र क्षयरोग अस्पतालका विरामीहरूलाई फलफूल, विस्कुट वितरण, विभिन्न स्कूल तथा विहार को निर्माण तथा विकासको लागि चन्दा इत्यादि समेत सहयोग प्रदान गरी सामाजिक क्षेत्रमा पनि यस विहारको उत्तिकै योगदान रहेको छ।

**विहार अन्तर्गत संस्था:**

**"धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"**

प्रौढ व्यक्तिहरूलाई बुद्ध शिक्षा प्रदान गर्न बुद्ध पूजा आदि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आए जस्तै युवा युवतीहरूका लागि बुद्धशिक्षा अध्यनार्थ "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को सञ्चालन वि.सं. २०२८ सालदेखि हुँदै आएको छ।

विहारमा गरिने बुद्धपूजा र धर्मदेशनाबाट प्रभावित भएका उपासक उपासिकाहरूले आफ्ना छोरा-छोरी, नाती-नातिनीहरूलाई पनि विहारमा संगै लिएर आउने गर्दा विहार स्थापनाको ६ वर्ष सम्ममा युवा युवतीहरूको एक समूह नै बनिसकेको थियो। उनीहरूले बुद्धपूजा र धर्मदेशनामा मात्र सन्तुष्ट नभई स्वतन्त्र चिन्तनद्वारा बुद्धधर्मको विविध पक्षको ज्ञान हाँसिल गर्न क्रमबद्ध रूपमा गहन अध्ययन गर्नुपर्ने आवश्यकता महशुश गरे। फलस्वरूप पूज्य भिक्षु अश्वघोष महास्थविरको सक्रियतामा अ. धम्मवतीको अध्यक्षतामा वि.सं. २०२८ साल जेष्ठ ७ गते (इ. सन् १९७१ मे २१ तारिख) छुट्टै कार्यकारिणी समिति भएको "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को स्थापना भयो। सर्वप्रथम ३० जना युवायुवतीहरूको समूहबाट शुरू भएको यस गोष्ठीमा बुद्धधर्मप्रति श्रद्धा हुने सबै युवायुवतीहरू सदस्यता शुल्क रू. २५/- प्रति वर्ष बुझाई सदस्य बन्न सक्ने प्रावधान अनुरूप हाल यसका सदस्यहरूको संख्या २५० भन्दा बढी पुगीसकेको छ।

**गोष्ठीको उद्देश्य:**

बुद्धपूजा र धर्मदेशना भन्दा अलग र प्रभावकारी ढंगले बुद्धशिक्षाको अध्ययन र मनन् गर्न अध्ययन गोष्ठीले ४ उद्देश्यहरू लक्षित गरेको छ।

१) बुद्धशिक्षाको अध्ययन गर्नु।

२) आफूले अध्ययन गरेको बुद्धशिक्षा गाउँ गाउँमा प्रचार-प्रसार गर्नु।

३) बुद्धधर्मसम्बन्धि पुस्तक, पत्र-पत्रिका प्रकाशन गर्नु।

४) विदेशी बौद्ध विद्वानहरूको स्वागत सत्कार तथा विचारको आदान-प्रदान गर्नु।

यस प्रकार ४ उद्देश्यहरू लिई स्थापित अध्ययन गोष्ठीले विहारको पुरक संस्थाको रूपमा रही विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै २५ औं वर्ष पूरा गरी आफ्नो रजत जयन्ती मनाउँदैछ।

**गोष्ठीको गतिविधि:**

आफ्नो उद्देश्य अनुरूप धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको पनि आफ्नै गतिविधिहरू छन्-



Downloaded from http://www.dhamma.digital

*Hearty Felicitation*

*On the Grand Silver Jubilee*

*of*

**Dharmakirti Buddhist Study Circle**

*and*

**Happy Vaisakh Festival**

**We are at your service to fetch your Sport needs**

at

**SPORTS CENTER**

Indrachowk, Chokhachhen Galli

Telephone: 224725

**Please Step in for:**

**Special for Sports Items.**

AND

**MONALISA AUDIO CASSETTES**

Thahity, Kathmandu. Phone: 230056

***Stands to keep feelings and emotions of your life alive!***

**SUNIL TULADHAR**

PROPRIETOR

Please Step in for:

Nepali, Tibetan, Indian, Jazz Blues & Classical Music.


Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहार-एक परिचय

१. **अध्ययन:** गोष्ठीका सदस्यहरूका लागि प्रत्येक शनिवार विहान धर्मको व्यावहारिक एवं नैतिक पक्ष सम्बन्धि कक्षा सञ्चालन गरिदै आएको छ, जसमा गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविर र अध्यक्ष अ. धम्मवतीले अध्यापन गर्नुहुन्छ। साथै समय-समयमा अन्य बौद्ध विद्वानहरूबाट पनि अध्यापन गर्न लगाइन्छ। त्यस्तै युवा सदस्यहरूको व्यक्तित्व विकासका लागि हाजिरी जवाफ, वाद-विवाद, लेखन तालिम, बुद्धशिक्षा सम्बन्धि पाठ्यक्रमबद्ध विशेष कक्षा, लघु ध्यानशिविर, लघु स्वास्थ्य शिविर, नेतृत्व विकास तालिम इत्यादि जस्ता कार्यक्रमहरूको पनि आयोजना गर्दैआएको छ।

२) **धर्मप्रचार:** गोष्ठीले आफ्नो दोस्रो उद्देश्य अनुरूप नेपालका धेरै जिल्लाहरूका साथै काठमाडौं उपत्यका भित्र परेका विभिन्न गाउँहरूमा धर्मप्रचार तथा प्रवचनकार्यक्रम सम्पन्न गरिसकेको छ। यसले गर्दा धर्मकीर्ति विहार र अध्ययन गोष्ठीको सन्देश देशका अन्य भागका जनता माझ समेत प्रचार भएको छ।

३) **पुस्तक, पत्र-पत्रिका प्रकाशन:** गोष्ठीको प्रकाशनमा "धर्मकीर्ति" बौद्ध मासिक प्रत्रिका अटूट रूपमा प्रत्येक पूर्णिमामा प्रकाशित भैरहेको छ। "धर्मकीर्ति" सर्वप्रथम बुद्ध संवत् २५१६ वैशाख पूर्णिमा (वि.सं. २०२९, सन् १९७२) मा निस्केको थियो। वार्षिक रूपमा बान्ह अंकसम्म प्रकाशन भए पछि बु.सं. २५२७ आषाढ पूर्णिमा (वि.सं. २०४०) देखि दुई वर्षसम्म द्वैमासिक रूपमा प्रकाशित भएको सो पत्रिकालाई बु.सं. २५२९ आषाढ पूर्णिमा (वि.सं. २०४२) साल देखि मासिक गरिएको थियो। शुरू देखि १२ अंकसम्म सम्पादकमा र द्वैमासिक तथा मासिक प्रकाशन भए देखि हालसम्म प्रधान सम्पादक पदमा भिक्षु अश्वघोष महास्थविर सेवारत हुनुहुन्छ। इच्छुक जो सुकैले वार्षिक रू. ३५/- तिरी यसको ग्राहक बन्न सक्दछन्।

त्यस्तै यस गोष्ठीले बुद्धशिक्षासम्बन्धि पुस्तकहरू पनि प्रकाशन गर्दै आएको छ। हालसम्ममा गोष्ठीले नेपाल भाषाको ११९ वटा, नेपाली भाषाको ४५ वटा र अंग्रेजीको ४ वटा गरी जम्मा १६८ वटा पुस्तकहरू प्रकाशन गरिसकेको छ।

४) **विदेशी बौद्ध विद्वानहरूको स्वागत:** भारत, बर्मा, थाइलैण्ड, जापान, श्रीलंका, टाइवान आदि विभिन्न देशहरूमा नेपाल पाल्नु भएको बौद्ध विद्वानहरूको धर्मकीर्ति विहारमा स्वागत गरी विदेशमा बुद्ध धर्मको स्थिति र अवस्था तथा त्यहाँका बौद्धहरू बारे विचार आदान-प्रदान गरी बहुश्रुत हुने कार्य पनि बेला बखतमा हुँदै आएको छ।

५) **प्रव्रज्या:** गोष्ठीले आफ्ना सदस्यहरूको लागि बेलाबखतमा अल्पकालीन प्रव्रज्या कार्यक्रमको पनि अयोजना गर्दै आएको छ। यसै क्रममा मा. गुणवतीको नेतृत्वमा वि.सं. २०३२ साल जेष्ठ २५ गते ८ जना युवतीहरूलाई अल्पकालीन ऋषिणी प्रवज्या, वि.सं. २०३५ साल असार १० गते भि. अश्वघोष महास्थविरको नेतृत्वमा १४ जना युवाहरूलाई श्रामणेर, वि.सं. २०४५ साल जेष्ठ २९ गते भिक्षु अश्वघोष र अ. धम्मवतीको नेतृत्वमा १२ जना युवाहरू र १३ जना युवतीहरूलाई ध्यानकुटी विहार बनेपामा ८ दिने श्रामणेर र ऋषिनीको अल्पकालीन प्रव्रज्या दिइएको थियो।

यी बाहेक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले समय समयमा नि:शुल्क स्वास्थ्य शिविर, रक्तदान, नेत्रदान, प्रदर्शनी, शीपमूलक तालिम कार्यक्रम, सांस्कृतिक कार्यक्रम आदिको पनि आयोजना गर्दै आएंको छ। त्यस्तै गोष्ठीका सदस्यहरूकै सक्रियतामा विहार भित्रै पुस्तकालय पनि सञ्चालित छ।



Downloaded from http://www.dhamma.digital



MAY ALL SENTIENT BEING BE HAPPY & PROSPEROUS !

*Sunrise Trekking & Expedition (P) Ltd.*

**RENATA'S CREATONS & EXPORT**

P O Box 5026, Thamel, Kathmandu, Nepal. • Fax: 977-1-229459 Ut.

MAY ALL SENTIENT BEING BE HAPPY & PROSPEROUS !

KEEP CLEAN, GREEN & PEACEFUL ENVIRONMENT
SSTE

**SHERPA SHANGRI-LA**

**TREKS & EXPEDITIONS (P) LTD.**

P. O. Box : 6802, Kathmandu, Nepal. Tel./Fax : 977-1-411722

*Best Wishes on the*
*Auspicious Occasion of the Silver Jubilee Anniversary of*
*Dharmakirti Buddhist Study Circle*

**NEW FAVOURITE SHOP**

Shop No. 114 (1st Floor), Visal Bazar, Super Market, Kathmandu, Nepal
☎ : 221914

*Congratulation!*
*Dharmakirti Buddhist Study Circle*
*on 25th Anniversary being on the Footsteps of Lord Buddha*

**OM OFFSET PRINTERS (P) LTD.**

*Factory:*
Naxal, Nag Pokhari, Kathmandu
Telephone : 419440

*Head Office:*
10/447 Bhotahity, Kathmandu
Telephone : 223609


Downloaded from http://www.dhamma.digital

**स्वामित्व:**

वि.सं. २०४५ सालमा रजिष्ट्रेशन पारित भएको यस विहार हाल अनगारिका धम्मवतीको स्वामित्वमा रहेको छ भने उहाँको शेषपछि "धर्मकीर्ति विहार संरक्षण समिति" को स्वामित्वमा रहने कुरा वि.सं. २०४७ वैशाख १९ गते विहारको हलमा स्थापित शिलापत्रमा लेखिएको पाइएको छ।

**र अन्त्यमा:**

धर्मकीर्ति विहारले आफ्नो ३० औं जन्मजयन्ति मनाइसकेको छ र आफ्ना उद्देश्य अनुरूप विभिन्न क्रियाकलाप गरी उपत्यका निवासीहरूको मन जित्न सफल भएको छ। फलस्वरूप बुद्धपूजामा आउनेहरूको संख्या १५०० पुगीसकेको छ, भने विशेष अवसरमा आउने जाने उपासक उपासिकाहरूको घुइँचो नै लाग्ने गर्दछ, त्यसमध्ये पनि महिलाहरूको संख्या बढी हुनु उल्लेखनीय कुरा हुन पुगेको छ। विहारको सत्संगतबाट आफ्नो मनमा मात्र शन्ति हुने नभई घरमा समेत शान्ति भएको कुरा उपासक उपासिकाहरू बताउँछन्।

यस्तो बहुउपयोगी विहारको संरक्षण र सम्बर्द्धन कार्यमा सबैको सहयोग प्राप्त भैरहेको कुरा माथि उल्लिखित विभिन्न क्रियाकलापले प्रमाणित भैसकेको छ र पछि पनि यस विहारको चीरस्थायीको निमित्त विहारका शुभचिन्तकहरूले भविष्यमा पनि यस्तै सहयोग दिइनै रहने आशा धर्मकीर्ति परिवारले लिएको छ।

(लेखन मिति: वि.सं. २०५२ फाल्गुण)

सन्दर्भ पुस्तकहरू:

१) Dharmakirti in Nutshell
२) Dharmakirti Vihar
३) अनगारिका धम्मवती; ले. - रत्न सुन्दर शाक्य
४) नेपालय् २५ दँ जिगु लुमन्ति; ले - मा. गुणवती

■

Hearty Felicitation

On the Grand Silver Jubilee

of

Dharmakirti Buddhist Study Circle

and

Happy Vaisakh Festival

SHANGRILA CRAFT INDUSTRIES
NEPAL
1992

Shangrila Craft Industries

(Manufacturer of Curio Goods, Metal Craft, Silver Jewellery etc.)

Office:
Chha-3, 58 Paknajol-3
Kathmandu-15
Tel. No. 414850
Fax No. 977-1-227721

Mailing Address:
G.P.O. Box 2625
Kathmandu
Nepal



Downloaded from http://www.dhamma.digital

TOYOTA
GENUINE PARTS
NISSAN
MITSUBISHI MOTORS
GENUINE PARTS

We extend our
Cordial Felicitation on the Commemoration of
25 successful years of D.B.S.C.
at the fall of 2540 Vaisakh Festival

MAY ALL SENTIENT BEING BE HAPPY & PROSPEROUS!

**Pelhamu International**

STOCKIST OF TOYOTA NISSAN MITSUBISHI SUZUKI SPARE PARTS & ACCESSORIES

Show Room:
Putali Sadak, Kathmandu, Nepal
Tel: 242544 / 242555 (Res.)

Mailing Address:
P.O. Box 936, Kathmandu, Nepal
Telex: 2447 HOGAUT NP, Fax: 977-1-228467

*Congratulations!*
**Dharmakirti Buddhist Study Circle**
*on 25th Anniversary*
*and*
Happy Vaisakh Festival

**Everest Paints**
1/283 Phasikeba, New Road,
Kathmandu
Tel. : 223919

*We Congratulate Dharmakirti Buddhist Study Circle on
Completing 25th Successful Years!*

**Manang Tours & Travels Co. (P) Ltd.**
mtt
P. O. Box 5854, Thamel, Kathmandu, Nepal. Tel : 411491, 418596, Fax : 977-1-411491

**May all sentient beings be Happy & Prosperous!**

HOTEL Himalaya
Sahid Sukra Marg
Lalitpur, Kathmandu, Nepal
P. O. Box 2141, Tel. 5-23900, Fax: 977-1-523909

Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना कसरी भयो ?

✏ रीना बनिया

संसारमा अनेकन मानिसहरू जन्मन्छन्, मर्छन। यसरी नै अनेकन संस्थाहरू पनि खोलिन्छन्, बन्द हुन्छन्। कुनैको आयु बढी हुन्छन् त कुनैको आयु कम। कुनै संस्था कैयौं वर्ष चल्छन् त कुनै संस्था केही वर्ष मात्र चल्दछन्।

यसै क्रममा नेपालको मुटु राजधानी काठमाडौंमा आज बुद्धधर्मप्रचार गर्ने उद्देश्य लिई एउटा संस्था निरन्तर रूपमा सक्रिय छ त्यो हो "धर्मकीर्ति विहार"। कुरा विक्रम सम्वत् २०२० सालको हो। बर्मामा बुद्धधर्मको अध्ययन पूरा गरी अनगारिका धम्मवती र अनगारिका रत्नमञ्जरी काठमाडौं फर्कनु भयो। र साथमा हुनुहुन्थ्यो बर्मामा अध्ययन गर्दाको अ. धम्मवतीको बर्मा सहपाठी अनगारिका मा. गुणवती।

काठमाडौंमा बसोवास कहिले कहाँ कहिले कहाँ थियो। त्यसैले उपत्यकाको बीचैमा उहाँ अनगारिका गुरूमाँहरू बसोवास गर्ने एक विहारको स्थापना गर्नु पर्ने महसूस गरियो। थुप्रै व्यक्तिहरूको सहयोगमा वि.सं. २०२१ साल बैशाखमा काठमाडौं न:घल टोल स्थित श्रीघ: चैत्यको उत्तरतर्फ धर्मकीर्ति विहारको स्थापना भयो। र उद्घाटन वि.सं. २०२२ साल बैशाख २६ गते शनिवारका दिन भयो।

केही वर्ष भित्रै धर्मकीर्ति विहारमा हुने बुद्धपूजा कार्यक्रममा उपासक उपासिकाहरूको भिड लाग्न थाल्यो। र आवश्यकता अनुसार विहारको भवनको विस्तार तथा मर्मत सुधार हुँदै गयो।

सच्चा बुद्धधर्मको स्वाद पाएका, नेपालमा बुद्धधर्मको पूनर्जागरण गर्नु पर्ने आवश्यकता बुझेका, उमेर ढल्किसकेका उपासक उपासिकाहरू समेत विहारमा बुद्धपूजा हुने दिन आफू मात्र होइन आफ्ना छोराछोरीहरू, नातिनीहरू समेत आफूसँगै विहार ल्याई विहारको वातावरण संग भिज्न भिक्षु र अनगारिकाहरू (भिक्षुणी) कों परिचय गराउन ल्याउन थाले।

> विहारमा आइराखेका उपासक-उपासिकाहरूको घरमा अध्ययन गोष्ठीमा बुद्धधर्म अध्ययन गरेका युवतीहरूले बुहारीको रूपमा सफलतापूर्वक घर गृहस्थीको कार्य सम्हाली अध्ययन गोष्ठीको इज्जत राख्नु ... इत्यादिले अध्ययन गोष्ठीको सार्थकता प्रस्ट देखिएको छ।

यसै क्रममा नेपालमा पहिलो पल्ट वि.सं. २०२८ जेठ १ गते का दिन ललितपुरको नागवहालमा बुद्ध धर्म सम्वन्धी हाजिरी जवाफ प्रतियोगिता हुने भयो। ललितपुरमा हेराकाजी सुइकाको सक्रियतामा ललितपुरकै बौद्ध पुस्तकालयको आयोजनामा हुने उक्त प्रतियोगितामा धर्मकीर्ति विहारबाट पनि भाग लिने निधो भयो। र टोली नेतामा ८० वर्ष उमेर नाघिसकेकी एक बृद्ध उपासिका छानियो। उहाँ हुनुहुन्थ्यो श्रीमती रत्नदेवी मानन्धर (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सक्रिय सदस्य बरदेश मानन्धरकी बज्यै) र अन्य सदस्यहरूमा हुनुहुन्थ्यो बरदेश मानन्धर, रोहित श्रेष्ठ र नानीमैंया मानन्धर। प्रश्नको सही उत्तर आफुलाई आए पनि टोली नेता (उमेरको कारणले) समयमै उत्तर दिन नसकेबाट धर्मकीर्ति टोलीले हार्नुपऱ्यो।

खासगरीकन युवा पिंढीकाले भाग लिएको उक्त प्रतियोगितामा आफ्नो टोलीले सही उत्तर दिएमा तालि बजाउन भनि तम्सेर बसेका धर्मकीर्तिका युवा पिंढी आफ्नो विहारले उत्तर दिन नसकि हारेको कारण सार्है शोकमा डुब्यो।

धर्मकीर्ति विहारसितको संगतले गर्दा बुद्धको चतुरार्य सत्यलाई अलि अलि बुझिसकेका धर्मकीर्तिका युवा पिंढीले पहिलो पल्ट हारको अनुभव गरे।



Downloaded from http://www.dhamma.digital

त्यसपछि तुरून्तै हारको कारण पनि पत्ता लगाए। पछि पछि त्यस्तै कार्यक्रम हुँदा नहार्ने पार्न पनि सकिन्छ भन्ने विचार गरे र त्यसरी नहार्ने बाटो पनि पहिल्याए। त्यसरी नहार्ने उपायको रूपमा आफूहरूले नियमित रूपमा बुद्धधर्मको अध्ययन गर्नु पर्ने आवश्यकता सम्झे।

त्यसरी शोकलाई शक्तिमा बदल्ने अठोट लिएका विहारका युवा पिंढीले ललितपुर देखि काठमाडौं सम्म फर्कंदा बीच बाटैमा "हामीले पनि बुद्ध धर्म अध्ययन गर्ने एउटा राम्रो व्यवस्था गर्नु पर्‍यो।" भनी आफ्ना गुरूमाँ अनगारिका (भिक्षुणी) धम्मवती समक्ष विन्ति गरे।

त्यसको ठीक ७ दिन पछि अर्थात् २०२८ जेष्ठ ७ गते शुक्रवार (सन् १९७१ मे २१ तारिख) का दिन अ. धम्मवतीको निर्देशनमा उहाँकै अध्यक्षतामा धर्मकीर्ति विहारकै एक अङ्गको रूपमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी नामको संस्था स्थापना गरियो।

विहारको उद्देश्यसंग मेल खाने गरी गोष्ठीका ४ लक्षहरू पनि निर्धारण गरिए। ती हुन्-

१) बुद्धधर्मको अध्ययन गर्ने

२) गाउँगाउँमा बुद्धधर्मको प्रचार गर्ने

३) बुद्धशिक्षा सम्वन्धि पुस्तक तथा पत्रिका प्रकाशन गर्ने

४) देश-विदेशका बौद्ध विद्वानहरूको स्वागत गर्ने।

त्यसको लगत्तै पछि नियमित रूपमा प्रत्येक शुक्रवार साँझ ४ देखि ६ बजे सम्म अनगारिका धम्मवती, भिक्षु ज्ञानपूर्णिक, भिक्षु अश्वघोष तथा अन्य बौद्ध विद्वानहरूद्वारा बुद्धधर्मको अध्यापन गराउन विहार भित्रै कक्षा सञ्चालन गरिए।

गाउँगाउँमा बुद्धधर्म प्रचार गर्ने कार्यक्रम अन्तर्गत सर्वप्रथम काठमाडौ उपत्यकाकै गाउँहरूमा गई त्यहाँ बेलुका कार्यक्रम चलाई एक रात त्यही बिताई भोलि विहान बुद्धपूजाको कार्यक्रम गरी फर्कने नियमित कार्यक्रम सञ्चालन गरिए।

प्रत्येक वर्ष बैशाख पूर्णिमाको दिन "धर्मकीर्ति" नामको पत्रिका प्रकाशन गरिए। अन्यबौद्ध पुस्तकहरूको प्रकाशन हुन थाल्यो

देश विदेशका बौद्ध विद्वानहरूलाई विहारकै प्राङ्गनमा स्वागत गर्ने, विदाई गर्ने र उहाँहरूबाट दिइएको अमूल्य धर्मदेशनाहरू सुनेर गोष्ठीका सदस्यहरू झनझन खारिदै गए।

यसरी हाजिरी जवाफ प्रतियोगितामा हारेको कारणबाट प्रेरणा लिई स्थापना गरिएको गोष्ठीका अधिकांस सदस्यहरूले अति मेहनत गरी सोही बर्ष २ महिना पछि सोही ठाउँमा भएको सोही बौद्ध हाजिरी जवाफ प्रतियोगितामा ठूलो विजय हासिल गरे। उक्त प्रतियोगितामा भाग लिई विहार तथा गोष्ठीको किर्ति राख्ने टोली नेतामा नानीमैंया मानन्धर र सदस्यहरूमा वरदेश मानन्धर, मीना बनिया र रोहित श्रेष्ठ हुनुहुन्थ्यो।

यस प्रकार ठूलो बौद्धिक प्यास बोकेर स्थापना गरिएको अध्ययन गोष्ठीले शुरू देखिनै पूरा जोश र जांगरका साथ बुद्धधर्मको अध्ययन र प्रचारमा लागे। यसरी आज स्थापनाको २५ वर्ष नाघिसक्दा पनि कुनै कार्यक्रममा सिथिलता आइसकेको छैन। बरू धर्मकीर्ति पत्रिका आज मासिक भइसके। २००० भन्दा बढी ग्राहक भएको र बिसौं हजार नियमित पाठक भएको यस पत्रिकाले भाषा प्रचारमा भन्दा धर्मप्रचारमा बढी जोड दिन थालिसके।

यस्तै १६८ पुस्तक-पुस्तिकाहरू प्रकाशन भइसके, स्वास्थ्य शिविर, नेत्रदान, पुस्तक प्रदर्शनी, देश विदेशमा तिर्थयात्रा, अल्पकालिन प्रवज्या, नाटक प्रदर्शन, कोचिङ्ग क्लास, हाजिरी जवाफ प्रतियोगिता, फोटो प्रदर्शनी आदि इत्यादि अनेकन कार्यक्रमहरू सञ्चालन गरी अध्ययन गोष्ठीले आफ्नो क्रियाशिलता देखाई नेपालका अधिकांस बौद्धहरूको माझमा मात्र होइन देश विदेशमा पनि ख्याति प्राप्त गरिसके।

आजसम्म पनि प्रत्येक शनिवार विहान धर्मकीर्ति विहारमा ज्ञानपिपासु युवा पिंढीको भेला हुन्छ र आ-आफ्ना् क्षमता अनुसारको तर्क प्रयोग गरी स्वतन्त्र



Downloaded from http://www.dhamma.digital

ढङ्गबाट बुद्धधर्मको अध्ययन गरी त्यसलाई व्यवहारमा कसरी प्रयोग गर्ने भन्ने विषयमा व्यापक छलफल समेत हुन्छ। आफूले आर्जन गरेका ज्ञान अन्य धर्ममित्रहरूलाई बांडी दिन पाउनुनै गोष्ठीका सदस्यहरूले आफ्नो अहोभाग्य सम्झिराखेको हुन्छ।

यही गोष्ठीको साप्ताहिक कक्षामा सुनिएको र टिपिएको बुद्धशिक्षालाई लेखको रूपमा प्राप्त गरी सम्पादन गरी भिक्षु अश्वघोषले धर्मकीर्ति पत्रिकामै प्रकाशन गरिदिनुभएको कारण यस गोष्ठीले थुप्रै साहित्यकारहरू जन्माई सके। थुप्रै बौद्ध विद्वानहरू सिर्जना गरीसके। यस्तै थुप्रै समाजसेवीहरू, थुप्रै संस्थाका संस्थापकहरू, सचिवहरू र कार्यकर्ताहरू जन्मिइसके। यसरी साँच्चै भन्ने हो भने यस "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" युवा वर्गहरूलाई उनीहरूको चाहना अनुसार गतिशिलता अपनाई तालीम दिने एक प्लेटफर्म (Platform) को रूपमा विकास भएको छ। धर्मकीर्ति विहारमा आइराखेका उपासक-उपासिकाहरूको घरमा अध्ययन गोष्ठीमा बुद्धधर्म अध्ययन गरेका युवतीहरूले बुहारीको रूपमा सफलतापूर्वक घर गृहस्थीको कार्य सम्हाली अध्ययन गोष्ठीको इज्जत राख्नु तथा गोष्ठीमा आई बुद्धधर्म अध्ययन गरीसकेका आमाबाबुहरूले आफ्ना छोरा-छोरीहरूलाई पनि अध्ययन गोष्ठीमा सहभागी हुनु पठाउनु इत्यादिले अध्ययन गोष्ठीको सार्थकता प्रस्ट देखिएको छ।

समयको चक्रले गर्दा गोष्ठीमा देखिने सदस्यहरूको अनुहारमा परिवर्तन भैरहेता पनि पुराना सदस्यहरूको बेफुर्सदीको कारण नयाँ नयाँ सदस्यहरूले कार्यभार सम्हालि निरन्तरता दिइरहेता पनि गोष्ठीको कृयाकलापमा भने आजसम्म कहिं कतै पनि कुनै कमि आएको छैन बरू अझ व्यवस्थित ढङ्गबाट कार्यालय व्यवस्थापन समेत गरि थुप्रै नयाँ नयाँ कार्यक्रमहरू सञ्चालन गर्ने योजना धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले राखेको छ। ■

Best Wishes on the
Auspicious Occasion of the Silver Jubilee Anniversary
of
Dharmakirti Buddhist Stuty Circle

NAMASTE SUPERMARKET
Pulchowk, Lalitpur
NAMASTE PVT. LTD.
Pulchowk, Lalitpur ● Tel.: 523117, 520026



Downloaded from http://www.dhamma.digital

# बच्चालाई राम्रो बानी कसरी सिकाउने ?

✎ रेनु स्थापित

मलिनले कमलालाई भन्यो, "बहिनी वीनाको बच्चा त यती बदमास छ कि घरमा आयो कि यो फुटाउँछ कि त्यो फुटाउँछकि भन्ने मात्र डर भइरहन्छ, स्कूल फर्किने बेलामा मात्र अलि सञ्चो लाग्छ। हुन सक्छ तपाईंलाई पनि यस्तो कुरा सुन्नु पर्ला तर तपाई चाहनु हुन्न होला कि कसैले तपाईंको बच्चा माथि यस्तो कुरा गरून्। यसको लागि तपाईंको बच्चालाई राम्रो बानी बसाल्न दिनु पर्दछ। यति मात्र होइन बच्चाको स्वभाव राम्रो भयो भने तपाईलाई जहाँ लग्न पनि समस्या हुँदैन।

शिशुपालन खालि बच्चालाई ख्वाउने र लुगा लाइदिने मात्र होइन उनीहरूलाई राम्रो नागरिक बनाई दिनु पनि हाम्रो कर्तब्य हुन आउँछ। हाम्रो मुख्य उद्देश्य उसलाई राम्रो बानीबसाल्ने र नराम्रो बानीलाई हटाउने हुनु पर्दछ। बच्चाको चरित्र निर्माणमा सबभन्दा पहिलेको पाँच वर्ष धेरै महत्व राख्दछ। यस समयको संस्कार उसको जीन्दगीमा स्थायी प्रभाव पर्दछ। यही अवस्थामा जो राम्रो अथवा नराम्रो बानी पर्दछ त्यो जीन्दगीभर नै असर पर्दछ। राम्रो बानी किताब पढाएर मात्र हुँदैन यसको लागि वातावरण र शिक्षामा भर पर्दछ। राम्रो ब्यवहारको तरिका बच्चाहरूले आफूभन्दा ठूलोहरूबाट सिक्दछन्।

**यदी बच्चाले गल्ती गरेर आमा-बाबुले गाली गऱ्यो भने पनि घरको कोही सदस्य बीचमा कमाण्डर भएर आउँछ। र केही कुरा नै नसोधी उल्टा आमा-बाबुलाई नै गाली गर्छ**

कुनै पनि बच्चालाई अरूहरूको अगाडि गिज्याइ, हेला गरी कुरा गरेको मन पर्दैन। यसले उसको मन विद्रोही हुन्छ। बच्चा अनुशासन हीन हुनुमा बच्चाको केही दोष हुँदैन। परिवारको सदस्यहरूले नै बच्चालाई अनुशासन हीन बनाउँछ। हाम्रो सानो कुराले बच्चाको कोमल मनमा के असर परिरहेछ भनी हामीले विचार गर्नु पर्दछ। तर अकसर यस्तो हुँदैन। उनीहरूले विचार गर्छ, हामीले जन्माएर हुर्काएका हौ हाम्रो कुरा नै टेरेन भने के गर्ने? बच्चालाई केही काम गराउनु अघि ऊ के गरिराखेको छ भन्ने पनि हामीले विचार गर्नु पर्दछ।

भनौ आमा चाहिं दिउँसो बुनीराखेको छ र अर्कोतर्फ बच्चा आफ्नो साथीहरूसित खेलिराखेको छ। आमालाई ऊनको गोला चाहियो। उनले बच्चालाई बोलाई ऊनको गोला लिन पठाउँछ। बच्चा खेल्न छोडी दौडेर गई ऊन लिएर दिन्छ तर ऊन हेरी आमा रिसाउँछ "मैले यो ऊन भनेको होइन अर्को लिएर आऊ।" बच्चा फेरि जान्छ तर कुन चाहिं ऊन ल्याउने थाहा हुँदैन जे भए पनि एउटा ऊन लिएर आउँछ। तर फेरि गल्ती भयो। आमालाई एकदम रिस उठ्यो र आधी बुनेको स्वेटर फ्यांकी कराउँछ, "तिमीलाई कहिले मात्र बुद्धि आउने हो यत्रो भइसक्यो जाऊ यो स्वेटर सँग मिलाएर ल्याउ" बच्चालाई पनि रिस उठ्छ र भन्छ, "पहिले नै किन यो रंगको नभनेको? अब म जाँदैन तपाई नै जानुस्" यति भन्नासाथै आमा चाहिंले के भनीस् ल्याउँदैन रे अहिलेदेखि जवाफ दिने भइसक्यो ल छिटो लिएर आऊ भनी पिटेर पठाउँछ यतिको गाली खाइसकेपछि त्यो पनि आफ्नो साथीहरूको अगाडि। बच्चाको मन, पनि विद्रोही हुन्छ र झन आवेसमा ऊ पनि कराउन थाल्छ।

यस्तै कुनै आमा-बाबु आफ्नो गल्ती नमानीकन बच्चालाई विद्रोही बनाउँछ। बच्चाहरूसँग काम लिने पनि एक तरिका हुन्छ, माया र सम्झौताले। मेरो भनाइको मतलब यो कदापी होइन कि बच्चालाई जहिले पनि माया मात्रै गरिराख्नु पर्दछ। बच्चालाई धेरै पिट्नाले, धेरै गाली गर्नाले जति ढीठभएर जान्छ त्यति नै धेरै माया गर्नाले स्वार्थी भएर जान्छ। उनीहरूलाई यो



Downloaded from http://www.dhamma.digital

## बच्चालाई राम्रो बानी कसरी सिकाउने ?

एउटा कुराको राम्रो ज्ञान दिएर राख्नु पर्दछ कि जसले अहिले माया गरेर उसलाई सम्झाइराखेको छ यदी उसले गल्ती गर्‍यो भने पिट्न पनि सक्छ। अथवा जुन हातले अहिले पिटेको हो त्यही हातले माया पनि गरिन्छ। यस्तो भयो भने बच्चाहरू आफ्नो कर्तव्यप्रति जहिले पनि सजग हुन्छ।

कहिले काहिं बच्चाहरू अर्काको सहानुभूति पाएर पनि अनुशासनहीन हुन्छ। **यदी बच्चाले गल्ती गरेर आमा-बाबुले गाली गर्‍यो भने पनि घरको कोही सदस्य बीचमा कमाण्डर भएर आउँछ। र केही कुरा नै नसोधी उल्टा आमा-बाबुलाई नै गाली** चार्छ, "जहिले पनि किन बच्चाको पछि मात्र परिराखेको न्या। विचरा कस्तो दुब्लाईसक्यो, माया भनेको गर्नै जानेको होइन।" यस्तो कुरा सुन्दा बच्चालाई कस्तो असर गर्छ ? उसले विचार गर्छ जहाँ मैले जे गरे पनि मेरो तरफमा बोल्ने छँदैछ भनी जे काम गर्न पनि हिचकिच्याउँदैन। र बच्चा कसैले भनेको नटेर्ने हुन्छ। अटेरी बन्छ।

आफ्नो रिस उठेको बेलामा बच्चाले केही गल्ती गर्‍यो भने बेसरी पिट्ने र आफू खुसी भएको बेला बच्चाले गल्ती गर्‍यो भने बच्चा नै छ ठूलो भएपछि बुद्धि आउँछ भनी बस्ने आमा-बाबु पनि हुन सक्छ। यस्तो भयो भने पनि बच्चाहरूलाई के गर्ने के नगर्ने भन्ने नै थाहा हुँदैन र ठूलो भएपछि पनि जीन्दगीमा केही निश्चय लिन सक्दैन।

कोही कोही आमा-बाबुहरू हरेक मांग पूरा गरेर जिद्दी बनाउँछ। तर यही मांग जति जति ठूलो भएर आउँछ त्यति त्यति नै बढेर आउँछ । त्यो बेला बच्चा यती जिद्दी भइसकेको हुन्छ कि जसरी भएपनि जहाँबाट भएपनि उसको मांग पूरा नै गर्नु पर्ने हुन्छ। यसबेला आमा-बाबुको दुःखको सीमा नै हुँदैन।

बच्चालाई पैसा दिएर काम गरायो भने पनि बच्चा बिग्रेर जाने संभावना हुन्छ। आमा-बाबु कहिं जानु पर्‍यो भने बच्चालाई कसरी छाडेर जाने भन्ने समस्या आउँछ। अनी बच्चालाई बोलाएर माया गरेर सुटुक्क पैसा दिई "राम्ररी बस है बाहिर नजाऊ" भनी जान्छ। बच्चा पैसा लिएर आमा-बाबुसँग जान त बिर्सिन्छ तर यो घूस दिने बानीले पछि आमा-बाबुलाई धेरै कष्ट हुन्छ। बिना पैसा ऊ केही काम गर्न नै तयार हुँदैन। र यो घूसको पैसा ऊ जथाभावि खर्च गर्न थाल्छ। यस्तो कुनै पनि प्रकारको लोभले बच्चाहरूलाई आवारा र अनुशासनहीन बनाउँछ।

आफ्नो बच्चाको अगाडि जहिले पनि अरू बच्चाहरूको तारीफ गरी राख्ने पनि हुन्छ। यो पनि ठीक छैन। बच्चाले जुनसुकै काम गरे पनि तपाई प्रशंसा गर्नु हुन्छ भने बच्चा कहिले पनि विद्रोही हुँदैन। बच्चाले यदि केही नयाँ चीज किन्ने इच्छा गरेको छ भने यदि तपाईंको त्यो किनी दिने इच्छा छैन या क्षमता छैन भने बच्चालाई पिटेर वा गाली गरेर मन मार्नु हुँदैन। उसलाई माया गरेर सम्झाई दिनु पर्दछ। तर हुन्छ ल म किनी दिन्छु भनेर झूठा विश्वास पनि दिनु हुँदैन।

यसरी बच्चाको हरेक काममा आमा-बाबुले होस् गरी राख्नु पर्दछ। ऊ नराम्रो संगतमा त परेको छैन। या केही गलत काममा त गरिराखेको छैन। २५०० वर्ष अघि नै भगवान् बुद्धले यो कुराको चर्चा गरिसक्नु भएको थियो। बच्चाहरूलाई समय समयमा राम्रो शिक्षा र बौद्धधर्मको ज्ञान दिई राख्नु पनि ठूलो आवश्यक छ। यसले उसको जीन्दगीमा जुनसुकै समस्या आए तापनि नआतिकन सुल्झाउने आत्मशक्ति बढ्दछ।

(साभार: धर्मकीर्ति, वर्ष ४, अंक ६)

■



**ताजा हावाको स्वच्छ आभास!**



अन्तर्राष्ट्रिय स्तरको
टिकाउ र भरपर्दो
**बजाज पंखा**
अधिराज्यभरी उपलब्ध छ।

वितरक:
भूदेव ट्रेडिङ्ग
फोन: २२११०१



Downloaded from http://www.dhamma.digital

# यशोधरा राहुल माता

✍ कान्ति कंसाकार

कोलिय राजा दण्डपाणी सुप्रबुद्धका सुपुत्री यशोधरा अत्यन्त सुयोग्य र गुणवती थिइन्। नाम अनुसार उनको ब्यवहार पनि त्यत्तिकै राम्रो थियो। त्यसैले कोलिय राज्यमा मात्र होइन कापिलवस्तुमा समेत यशोधराको नाम प्रख्यात थियो।

कपिलवस्तुमा भने सिद्धार्थ कुमारको जन्मले शुद्धोदन महाराजलाई जति आनन्द र हर्ष भएको थियो सिद्धार्थले एकदिन दरवार त्याग्ने छ अर्थात् गृहस्थी जीवन त्याग्ने छ भन्ने भविष्यवाणी सुनी त्यति नै ठूलो चोट पनि परेको थियो। त्यसैले सिद्धार्थ कुमारलाई गृहस्थ जीवनमा भुलाउनको लागि ठूलो प्रयत्न गरियो, तर सबै उपाय ब्यर्थ रहे। सिद्धार्थ कुमारको मन कुनै चीजमा पनि टाँसेन।

सदा झैं एकदिन राज्यमा उत्सव मनाई अरू देशका सुन्दरी राजकुमारीहरूलाई आमन्त्रित गरियो। उत्सव सम्पन्न भएपछि ती सुन्दरीहरूलाई राजकुमार सिद्धार्थको हातबाट पुरस्कार दिन लगाइयो। सबै राजकुमारीहरू उपहार लिंदै फर्के। पछि यशोधराको पुरस्कार लिने पालो आयो। राजकुमारबाट पुरस्कार थाप्न यशोधरा अघि बढिन्। तर त्यस बखत सिद्धार्थ कुमारसंग उपहार दिने वस्तु सिद्धिसकेको थियो। त्यसैले उहाँले यशोधरालाई आफ्नो औंठी दिन खोज्यो। तर यशोधराले यसलाई स्वीकार नगरीकन भनिन्, "राजकुमार! औंठी लिने दिन पनि पछि आउनेछ।" यो कुरा सुनी सिद्धार्थ कुमारको मन यशोधरा प्रति आकर्षित भयो। यशोधराले पनि सिद्धार्थ कुमारलाई हृदयको देवता मानिन्।

महाराज शुद्धोदनले यशोधराको विवाह शिद्धार्थसंग गराइदिनको लागि राजा दण्डपाणीसंग अनुरोध गरे। दण्डपाणीलाई आफ्नी सुपुत्रीको विवाह राजकुमा सिद्धार्थसंग नै गरिदिने इच्छा थियो। तैपनि उनको मनम कता-कता चिसो पसेको थियो।

उनले विचार गऱ्यो- "सिद्धार्थ कुमार राजदरवा को परिधीभित्र सीमित रही हुर्केको हुनाले उनीसंग शस्त्र अस्त्र विद्या जस्ता बाहिरी ज्ञानको अभाव हुन सक्छ त्यस्तो व्यक्तिसंग मेरी छोरीको विवाह गरिदिनु उचित होला र?" यही कारणले गर्दा सिद्धार्थ कुमारले यशोधरासंग विवाह गर्नको लागि शौर्य (पराक्रम) क प्रमाण दिनु पऱ्यो। सिद्धार्थ कुमार अस्त्र-शस्त्र कौशल्या सबै ज्ञानले निपुण भएको कारणले सबैलाई पराजि गरी विजयी हुन सफल भए। फलस्वरूप यशोधरा सिद्धार्थकुमारको विवाह सम्पन्न भयो। यसरी सिद्धार्थव अर्धांगिनी बनी जीव बिताउने यशोधराव इच्छा पनि पूरा भयो।

> **यशोधराले न राग प्रकट गरिन् न द्वेष नै! बरू आफ्नो शीर बुद्धको पाऊमा राखी वर्षौं वर्षसम्मको वियोगको आँसु बहाउँदै बुद्धको पाऊ धोइदिइन्।**

तर धेरै वर्षसम अर्धांगिनी जीवन बिताउ नपाउने लक्षण देखा पर्न थाल्यो। जेहोस्, राहुल माता हुन पायो। सिद्धार्थ कुमारको विरक्त चित्तले गर्दा उन आफ्नो छाँया समानको यशोधरा, प्रियपुत्र राहुल, प्रि पिता शुद्धोदन र राजदरवार समेत त्याग गरे। जुन बेल देखि सिद्धार्थ कुमारले आफ्नो विलाषिता जीवन त्याग साधारण पहेंलो वस्त्र लगायो, पलंगमा सुत्न छाडे, अत्त आदि सुगन्ध पदार्थहरू त्यागेको खबर यशोधराले पा त्यही बेलादेखि तिनले पनि राजवस्त्र त्यागी साधार वस्त्र लगाई विलाषिता जीवन त्यागिन्। यसरी आफ्न स्वामीबाट टाढा रहेर पनि उनको जीवनयापन ग तरीकाले सिद्धार्थ कुमारसंग टाढा बसे पनि नजि बसेको भान पर्दथ्यो।

६ वर्ष सम्मको घोर तपस्या पछि मारलाई जि संसारको दु:खको कारण पत्ता लगाई सिद्धार्थ कुमार बु



Downloaded from http://www.dhamma.digital

हुनुभयो। उहाँ आफूले प्राप्त गर्नु भएको ज्ञानामृत साथमा लिई कपिलवस्तु पुग्नु भयो।

राजदरवारको झ्यालबाट हेरिरहेकी यशोधराले एकाएक गौतम बुद्ध भिक्षाटन गर्दै आउनु भएको देखि आत्तिएर एकैचोटी आफ्नो ससुरा शुद्धोदन कहाँ पुगिन् र स्वाँ स्वाँ र फ्वाँ फ्वाँ गर्दै भनिन्- "हेर्नुस्, आज तपाईंको छोरा माग्नेको रूपमा घरघर पिच्छे भिक्षा माग्दै हुनुहुन्छ।" यो कुरा सुनी शुद्धोदन महाराज गौतम बुद्धलाई निमन्त्रणा गर्नको लागि दौड्नु भयो। सबै नातेदारहरू पनि गौतम बुद्धको स्वागत र दर्शन गर्नको लागि गए। तर राहुलमाता यशोधरा एकजना मात्र गइनन्। यसबाट प्रष्टिन्छ, यशोधरा स्वाभिमानी थिइन्। उनीले गौतम बुद्धमा मानव हृदय कत्तिको छ भन्ने बारे परीक्षा लिइन्। यत्रिमात्र होइन, शुद्धोदन महाराजले यशोधरालाई बुद्धको दर्शन गर्न जानको लागि प्रस्ताव राख्दा समेत तिनले विनम्रपूर्वक भनिन्- "बुद्ध स्वयं मकहाँ आउनु हुनेछ।"

शुद्धोदन महाराजले बुद्धलाई यो कुरो बताएपछि बुद्धले सारिपुत्र, मौद्गल्यायन र शुद्धोदन महाराज समेतको साथमा राजदरवारमा प्रवेश गर्नु भयो। त्यो बेला बुद्धले यसरी भन्नु भयो- "राहुलमाताले उनको इच्छा अनुसार राग प्रकट गरे पनि द्वेष प्रकट गरे पनि त्यसलाई सहन म तयार छु। तिमीहरूले बीचमा केही हस्तक्षेप नगर्नु।" तर बुद्ध यशोधराको अगाडि पुग्ने बित्तिकै **यशोधराले न राग प्रकट गरिन् न द्वेष नै! बरू आफ्नो शीर बुद्धको पाऊमा राखी वर्षौं वर्षसम्मको वियोगको आँसु बहाउँदै बुद्धको पाऊ धोइदिइन्।**

पछि फेरि आफ्नी सासु प्रजापति गौतमी भिक्षुणी भइसके पछि आफू पनि भिक्षुणी भईन्। अनि उहाँ भद्रा कात्यायनीको नामबाट परिचित हुँदै शील पालन गरी परमज्ञान प्राप्त गर्न सफल हुनुभयो।

(अनुवादक: अ. वीर्यवती, साभार:धर्मकीर्ति, बु.सं. २५१६)

■

**बुद्ध सम्वत् २५४०**
**बैशाख पूर्णिमा (स्वांयापुन्ही) तथा**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**२५ वर्ष पुगेको उपलक्ष्यमा**
**सफलताको कामना व्यक्त गर्दछौं।**

yezdi
Motor Bikes

**साकम्वरी ट्रेडीङ्ग कम्पनी प्रा. लि.**
सो रूम: त्रिपुरेश्वर (भेटेनरी अस्पताल संगै) फोन नं. २७०७४१, २३२९९३



Downloaded from http://www.dhamma.digital

# साँच्चैको मंगल कुन हो ?

✍ बरदेश मानन्धर

आजभन्दा लगभग २५०० वर्ष पहिले मानिसहरूको समूहमा "मंगल" भनेको के होला, के र कस्तो विषयलाई "मंगल" भन्ने? आदि बारे वाद-विवाद भएछ। पछि गएर ३ प्रकारका "मंगल" मान्ने व्यक्तिहरू निस्कन थाले। (१) दिट्ठ मंगल (२) सुत मंगल (३) मुत मंगल।

**(१) दिट्ठ मंगल:**

विहान सबेरै पूर्ण कलश देख्नु, राम्रा वस्त्रले सुसज्जित भएको बालक देख्नु, गर्भवती महिला देख्नु, हात्ती, घोडा र केराको बोट आदि देख्नु मंगल हो। खाली घैंटो, च्यामे, बच्चा नभएको महिला, सर्पले बाटो काटेको दृश्य आदि देख्नु अमंगल हो भन्ने एकथरी मानिस निस्के। यसरी आँखाबाट हेरि मंगल र अमंगल छुट्ट्याउनुलाई दिट्ठ मंगल भनियो।

**(२) सुत्त मंगल:**

विहान सबेरै उत्तम कुराहरू सुन्न पाउनु, चराचुरुङ्गीहरूको स्वर सुन्न पाउनु, जय होस्, दीर्घायु होस् आदि जस्ता आशिर्वाद्का वचनहरू कानले सुन्न पाउनु सबै मंगल हुन् भन्ने अर्का थरीका मानिसहरू पनि निस्कन थाले। यसरी कानले सुनी मंगल छुट्ट्याउनुलाई सुत मंगल भनियो।

**(३) मुत मंगल:**

एक थरीले भन्न थाले- विहान सबेरै मिठो मिठो खानेकुरा मिष्ठानहरू खान पाउनु, दही खान पाउनु, राम्रा-राम्रा नयाँ वस्त्र लगाउन पाउनु र नरम-नरम चीज वीजहरूको स्पर्श गर्न पाउनु नै मंगल हो। यसरी आफ्ना इन्द्रियहरूले स्पर्श गरी मंगल छुट्ट्याउने तरीकालाई मुत मंगल भनियो।

यसरी तीन थरीका मानिसहरू तीन थरीका मंगलमा अलमलीरहेका थिए। साँच्चैको मंगल कुन हो किटान गर्न नसकेपछि एकथरी मानिसहरू बुद्धसमक्ष आइ प्रश्न गर्न थाले- "भो गौतम! मंगल भनेको के होला?"

भगवान बुद्धले भन्नुभयो- "मंगल भनेको मानिसहरूको जीवन उन्नति र समृद्धि गर्ने धर्म समूहको नाम हो। मंगल शब्द शुभ र इष्टार्थ सूचक पद हो। शब्दार्थमा भन्ने हो भने **"मं" भनेको पाप, "ग" भनेको मार्ग र "ल" भनेको काट्ने वा क्षदण गर्ने हो। त्यसैले मंगल शब्दको पूरा अर्थ पाप कर्म बन्द गर्नु हो।"**

**"मं" भनेको पाप, "ग" भनेको मार्ग र "ल" भनेको काट्ने वा क्षदण गर्ने हो। त्यसैले मंगल शब्दको पूरा अर्थ पाप कर्म बन्द गर्नु हो।"**

यसरी तथागतले ३८ वटा मंगलको बारे विस्तृत रूपमा व्याख्या गर्नु भयो। मंगलका काम नगरीकन कसैको जीवन मंगल वा सुखी हुन सक्दैन। ती मंगलका कार्यहरू यसरी उल्लेख गर्नु भएको छ।

असत्पुरुषहरूको संगत नगर्नु, सज्जन पुरुषहरूको संगत गर्नु, पूजा गर्न योग्य व्यक्तहरूलाई आदर गौरव राख्नु मंगल हो।

वास गर्न योग्य देशमा मात्र वास गर्नु, पहिला पहिला आफूले राम्रा पूण्य कार्यहरू गरेर आएको हुनु र आफूले आफूलाई वसमा राख्नु पनि मंगल नै हो।

शिल्प शास्त्र सिकी विद्वान बन्नु, शिक्षित भईकन आफ्नो व्यवहार पनि राम्र् हुनु, प्रिय वचनले कुराकानी गर्न जान्नु मंगल हो।

आमा, बुबाको सेवा गर्नु र आफ्नी स्त्री, छोरा-छोरीहरूको पालन-पोषण गर्नु, आफ्नो मन आकुल व्याकुल हुने कार्य गर्दै नगर्नु आदि सबै मंगल हुन्।

इमान्दारपूर्वक इलम गरी कमाइराखेको सम्पत्ति केही मात्रामा भए पनि त्याग गर्न सक्नु, आफ्नो औगात अनुसार समय समयमा आफ्ना नाता कुटुम्वहरू बोलाई



Downloaded from http://www.dhamma.digital

खुवाउने, पिलाउने अर्थात् संग्रह गर्ने कार्य गर्नु पनि मंगल हो।

पाप कर्म गर्नुबाट आफू बच्नु, आफूलाई वेहोस् बनाउने मादक पदार्थहरू सेवन नगर्नु, राम्रा कुशल कर्म गर्न सँधै तत्पर हुनु मंगल हो।

अभिमानी नभई निहतमानी भई ठाउँ हेरि सन्तुष्ट हुन सक्नु, कृतज्ञ हुनु, समय-समयमा धर्म श्रवण गर्नु पनि मंगल हो।

ठाउँ हेरि सहनशील बन्नु, अनुशासन प्रिय बन्नु, श्रमणहरूको संगत गरी धर्म छलफल गर्नु मंगल हो।

आफ्नो इन्द्रिय संयम गर्ने काममा ध्यान राखी राम्रो आचरणका साथ जीविकागरी आर्यसत्यलाई राम्ररी बुझी निर्वाण साक्षात्कार गर्न सक्नु नै वमंगल हो।

अष्टलोक धर्म (लाभ,अलाभ, निन्दा, प्रशंसा, यश, अयश, सुख, दु:ख) बाट आफ्नो चित्त कम्प नगरी स्थिर भई शोक मल रहित भएर बस्नु पनि मंगल हो।

यसरी भगवान बुद्धले बताउनु भएको मंगललाई बुझेपछि माथि तीनै थरीका मानिसहरूले मान्दै आएका ३ थरी मंगलका कुराहरू सबै मिथ्या र अन्धविश्वास हुन पुगे। संसारमा पहिला देखि अन्धविश्वासले ठाउँ ओगट्दै आएको देखिन्छ। यस्ता कुसंस्कारहरू देश विकास कार्यमा बाधक हुन्। किनभने धेरैजसो मानिसहरूले अन्धविश्वासमा अलमलिएर आफ्नो भाग्य बनाउन देउता खुशी पार्नुपर्छ भन्दै प्राणीहिंसा गरी बलि पूजा गर्नुलाई नै उत्तम कार्य मानेका छन्। बरदान लिने आशाले देवता पूजा गर्ने प्रथा चलिरहेको छ। यी कुसंस्कारले कसैलाई भलो गर्दैन।

त्यसैले आफ्नो जीवन सुखमय बनाउन चाहनेहरूले योग्य देशमा बास गरेर मात्र पुग्दैन भगवान बुद्धले बताउनु भएका ३८ वटा मंगललाई राम्ररी अध्ययन गरी जानी-बुझी सो अनुसार काम गर्नुपर्छ। अनि मात्र तिनीहरूको जीवन साँच्चिके मंगलमय हुनेछ।

(अनुवादक: अ. वीर्यवती, साभार: धर्मकीर्ति बु.सं. २५१६)

■



WE COMBINE THE BEST OF NEPALESE CULTURE WITH THE WORLD'S LATEST TECHNOLOGY.

BANK OF KATHMANDU LTD.

(In Collaboration With THE SIAM COMMERCIAL BANK PCL, THAILAND)

*International banking, the personalised way.*

P.O. Box 9044, Kamaladi, Kathmandu, Nepal. Tel: 418068, 421552, 417939. Fax: 418990
Customer Services: 10:00 am. to 3:00 pm., Sundays through Thursdays and 10:00 am. to 1:00 pm. on Fridays
Office Hours: 9:30 am. to 5:30 pm., Sundays through Thursdays and 9:30 am. to 3:00 pm. on Fridays

**If you want to know more about Bank of Kathmandu's services, please contact:**
Mr. Chanrit Youngcharoen, General Manager, Mr. Raywat Findy, Executive Manager or Mr. Binaya Giri, Executive Manager.

CUSTOMER SERVICES INCLUDE ● GIFT CHEQUES ● SAFE DEPOSIT LOCKERS



Downloaded from http://www.dhamma.digital

# धर्म के हो ?

✍ सुमनकमल तुलाधर

धर्म भनेको के हो? जब मानिसहरू बुढो हुँदै जान्छन्, अनि धर्म उनीहरूको लागि मुख्य मानसिक लौरोको रूपमा आधार बन्छ। धर्मले लौकिक दुःखबाट मुक्त गराइदिन्छ। अनि मन आनन्द हुन्छ। फेरि मरीसक्दा पनि स्वर्गमा लाने मार्ग धर्म हो भन्ने कुरामा उनीहरूको दृढ विश्वास छ। यही विश्वासले उनीहरूलाई धागोले चंगालाई ताने जस्तै तानिरहन्छ।

तर युवा युवतीहरूका लागि यो धर्म भन्ने विषय सुन्नु पर्दा पनि कानमा असुविधा भए जस्तै भान हुन्छ। उनीहरूका अगाडि धर्मको केही कुरा निकाल्यो भने- "पुग्यो-पुग्यो, सुन्नै मन लागेन" भन्न थाल्छन्। यही विचारले उनीहरूका लागि भिक्षु र अनगारिका गुरुमाँहरू कवाफमा हड्डी जस्तै भइरहन्छ। आज घरमा भिक्षुहरूलाई भोजन गराउने भन्यो भने उनीहरूले असजिलो मान्दै, आज फिल्म हेर्न जानु पर्छ भन्दै अनेक बहाना गरी भाग्छन्। यो सबै उनीहरूले उनीहरूलाई धर्म देखि घिन लागेकोले गर्दा भएको हो। अनि आमा बुबाहरूले उनीहरूलाई "अधर्मीहरू", "पापींहरू" भन्दै गाली गर्छन्। तर यी युवा युवतीहरू त्यसै पापी बनेका होइनन्, हाम्रो पुराना परम्परागत बिरालो थुनी श्राद्ध गर्ने जस्ता अन्धविश्वासी धर्मले गर्दा हुन गएको हो। देवता भक्ति गर्दै मन कपटी हुने व्यवहारले गर्दा भएको हो। धर्म गरे जस्तै मन उदार नभएको हुनाले त्यसो भएको हो। आजभोलीका अंग्रेजी पढाईले त्यसो गरेको होइन। धर्म गर्नेहरूको बानीले गर्दा त्यसो भएको हो।

> **"ढुंगा भनेको नदी तरेर जानलाई मात्र प्रयोगमा ल्याउनु पर्छ। संधै बोकेर हिंड्नलाई होइन। मेरो शिक्षा पनि त्यस्तै हो।"**

यो बैज्ञानिक युग हो। अरूले भन्यो भन्दैमा विश्वास गर्दै हिंड्ने, किताबमा लेखेको भन्दैमा बाखाहरू जस्तै दौड्ने बानी मानिसहरूमा अब देख्न छोड्यो। अनि बेसार भने थाहा पाइकन पनि चिमोटेर हेर्नुपर्ने वा खुर्सानी भनेर थाहा पाइकन पनि भाँच्दै सुंघ्नु पर्ने जमाना आइसक्यो। यस्तो जमानमा पूजा गर्न गएन भने देव देवताहरू रिसाई श्राप दिन्छन् भन्दैमा उनीहरूले यसलाई विश्वास गर्दैनन्। अनि उनीहरूलाई देवताको फूल, टीका, प्रसाद जल भनी दियो भने गिजाएर हिंड्दछन्। किनभने उनीहरूले देवता भनेको कस्तो छ? उसको अलौकिक शक्ति कतिसम्म छ भन्ने हेरेको छैन। हेरोस् पनि कसरी? हुँदै नभएको कुरो। त्यसैले विश्वास गर्न गाह्रो हुन्छ। त्यसैले त्यस्तो धर्ममा उनीहरूले श्रद्धा राख्न सक्दैन। हामीकहाँ चलिराखेको र मानिराखेको धर्म धेरैजसो यस्तै प्रकारका छन्। त्यसैले ज्ञान, बुद्धि छिपिसकेका आजभोलिका मानिसहरूलाई अँध्यारो कोठामा लगी काँचको टुक्रा देखाई "हेर हीरा एउटा" भनी छकाउँदा उनीहरू एकै चौटी पत्याउँदैनन्, हो कि होइन भनी छोएरै हेर्छन्। त्यसैले उनीहरूले नदेखेका देव देवताहरूको अलौकिक शक्ति (Supernatural Power) अँध्यारो कोठाको काँचको टुक्रा जस्तै हुन्छ। त्यसैले उनीहरू धर्ममा जान सकेन। उनीहरूलाई पाश्चात्य देशको शिक्षा र सभ्यताले छोइसक्यो। अनि उनहिरू आफ्नो मार्गबाट भ्रष्ट भई आफूलाई सुहाउँदो धर्म खोज्ने तर्फ अगाडि बढ्दैछन्। यही बेला उनीहरूलाई सुहाउँदो धर्म जुन परिक्षा गरी हेर्न सकिन्छ, त्यस्तो धर्म दिन सक्यो भने राम्रो हुनेछ। धर्म भनेको नैतिकताले भरेको निस्वार्थपूर्ण हुनुपर्दछ।

हालसाल मात्रै घटेको घटना प्रस्तुत गर्न चाहन्छु- एकजना लंकामा गईसकेको युवकको बुद्ध धर्ममा ठूलो श्रद्धा र आस्था रहेछ। उसका साथीहरू दुई चारजना छन्। तर उनीहरू अबौद्ध रहेछ। उनीहरू आफ्नो धर्म देखि वाक्क लागेको रहेछ। उनीहरूलाई त्यस बौद्ध साथीले भनेछ- "तिमीहरूले पनि बौद्धधर्म ग्रहण गर। यो धर्ममा अन्धविश्वास छैन।" अनि उनीहरूले भने- "त्यसो



Downloaded from http://www.dhamma.digital

भए तिम्रा गुरुहरू तिमीकहाँ आउँदा हामीलाई पनि एक पटक भेट्न देऊ, हामी पनि कथा सुन्छौं।"

केही दिन पछि त्यस बौद्धको घरमा एकजना मानिस मरेछ। त्यसैले सात दिनसम्म भिक्षुहरू बोलाई परित्राण पाठ गराई कथा भन्न लगाएछ। त्यहीबेला ती अबौद्ध साथीहरू पनि आइरहेको रहेछ। कथा सुनिसकेपछि उनीहरूले बौद्ध साथीलाई भनेछ- "तिमीलाई मन पर्ने अन्धविश्वास नभएको बौद्धधर्म यही हो? तिम्रा गुरु भिक्षुहरूले भनेको कथा त मरिसकेपछि सुख पाउने र मरिसकेको व्यक्तिलाई स्वर्ग पठाउने मात्र भयो। यो वर्तमान जीवन गतिलो बनाउने कुरा त केही गरेन। यस्तै हो भने हिन्दू र बौद्ध धर्ममा केही फरक रहेन। यो धर्म त हामीलाई मन परेन।" यो कुरा सुन्दा बौद्ध युवक छक्क परेछ।

त्यसैले धर्म भनेको त्यस्तो हुनुपर्छ, जून धर्मले मानिसहरूको पाशविक व्यवहार हटाई मानवीय व्यवहार ल्याइदिन्छ। फेरि आजभोलि त्यस्तो धर्म उनीहरूलाई चाहिएकोछ जून धर्म वैज्ञानिक छ। यस्तो धर्म कहाँबाट आउँछ, कहाँ छ? कहाँबाट लिन सकिन्छ? मेरो विचारमा यो प्रश्नको उत्तर दिन सजिलो नभए पनि उत्तरको रूपमा भन्नु यति नै छ, - बुद्धले बताउनु भएको व्यवहारिक पक्षपाती शिक्षा वा बुद्धधर्म। बुद्ध हामीजस्तै मानिस भएर पनि आफ्नो परिश्रमले र अनुभवको फलले हिलोबाट फक्रेको कमलको फूल जस्तै हुनुहुन्छ। उहाँ हिलो र पानीबाट बिलकूल अलग्गरही फुले जस्तै संसार को राग, द्वेष, मोहरूपी हिलोमा रहेर पनि त्यसबाट अलग्ग हुनु भएको छ। उहाँको शिक्षा वा धर्म अध्ययन गर्दा सबैलाई वा धेरैजसोलाई काम लाग्छ, सरल पनि छ। तर बुझ्न सकेन भने धेरै गाऱ्हो हुन्छ। पुरानो संस्कार समाति राखेसम्म बुद्ध धर्म बुझी व्यवहारमा ल्याउन सजिलो छैन। तर स्वतन्त्र दिमागले राम्ररी विचार गरी बुझ्ने हो भने हाम्रो व्यवहारिक जीवनका लागि धेरै काम लाग्छ। हामीले असल काम गरेमा त्यस कामको फल यहीं जन्ममा दिन्छ भने पापकर्मको फल पनि मरेपछि मात्र दिन्छ भनी पर्खनै पर्दैन। बुद्धधर्म अनुसार आफूले गरेको कर्मको फल विपाक यहीं नै दिन्छ। बुद्धधर्मको ५ वटा शील मध्ये एउटा प्राणी हिंसा नगर्नु हो। हामीले कुनै एउटा मानिस माऱ्यो भने हामीलाई ज्यानमारा भनी समानेर थुनी हाल्छ। चोऱ्यो भने पनि, पर स्त्री वा पर पुरुष गमन गर्दा पनि के फल भोग्नु पर्छ भन्ने कुरा सबैले थाहा पाएको कुरो हो। झूठो कुरो बोलेर हिंड्दा कसैले विश्वास गर्दैन भने रक्सी खाई जथाभावी चलेर हिंड्यो भने आफ्नो अस्तित्व नाश भएर जान्छ।

यी सबै कुराले प्रमाणित गर्छ, बुद्धधर्म चन्द्रमालाई बत्ती चढाउँदा आँखा तेजिलो हुन्छ वा गणेशलाई भक्ति गऱ्यो भने छोरा पाउँछ भन्ने जस्तो धर्म होइन। बुद्ध धर्मलाई एक-एक गरी चामल केलाए झैं केलाएर व्यावहारिक जीवनमा प्रयोग गरी हेर्न सकिन्छ। त्यसैले यो धर्म वैज्ञानिक धर्म हो। यो धर्मलाई युरोपमा पनि धेरै विद्वानहरूले मान्दछन्। उनीहरूले बुद्धलाई आधुनिक दार्शनिक (Modern Philosopher) भनेका छन्। तर दार्शनिक भन्ने बित्तिकै आत्मा र परमात्मा पत्ता लगाउने र संसारका श्रृष्टिको बारे चर्चा गरी मगज बिगार्ने दार्शनिक होइन।

धर्मको बारेमा एकजना विद्वान अल्वर्ट आइन्स्टाइनले भन्नु भएको छ- "यदि यो भू-मण्डलमा कुनै वैज्ञानिक युग सुहाउँदो धर्म छ भने त्यो धर्म बुद्धधर्म नै हो।" बुद्धधर्म युग अनुसार परिवर्तन हुन्छ। यसलाई सुधार गर्दै लान सकिन्छ भनी बुद्धले स्वयं भन्नु भएको छ। उहाँलाई धर्म सुकेको रूख जस्तै हुने मन पर्दैन। सँधै प्रगतितिर लम्केको मात्र उहाँलाई मन पर्छ। त्यसैले बुद्धको प्रथम धर्म देशनाको नाम धर्मचक्र रहन गायो। परिनिर्वाणको समयमा बुद्धले भिक्षुहरूलाई भन्नु भएको छ- "तिमीहरू सबै मिलेर चित्त बुझेको खण्डमा स-साना नियमहरू परिवर्तन गरे पनि हुन्छ।"

फेरि बुद्धले कहिले पनि आफ्नो शिक्षा मात्र उत्तम भन्नु भएको छैन। उहाँले भन्नु भएको छ- "आँखा चिम्लेर मेरो पछि नलाग। सुनारले सुन जाँचे झैं एकपटक परिक्षा गरेर मात्र मेरो शिक्षालाई पालन गर्नु।" विद्वानहरूले बुद्धको शिक्षालाई परिक्षा गरेर हेर्न योग्य



Downloaded from http://www.dhamma.digital

छ। बुद्धले स्वतन्त्र चिन्तनलाई धेरै महत्त्व दिनु भएको छ। यसको प्रमाण "बुद्धले भन्यो भन्दैमा, गुरुले भन्यो भन्दैमा, कितावमा लेख्यो भन्दैमा आँखा चिम्लेर स्वीकार गर्नु हुँदैन" - भनेर बुद्ध स्वयंले भन्नु भएको छ।

मैले भनेको मानेन भने तिमीहरू सीधा नर्कमा जानेछौ भनेर बुद्धले कहिल्यै भन्नु भएको छैन। बरू उहाँले भन्नु भएको छ- "तिमीहरूलाई मन पर्छ भने मात्र यो शिक्षा ग्रहण गर नभए छोडेर गए पनि हुन्छ। **डुंगा भनेको नदी तरेर जानलाई मात्र प्रयोगमा ल्याउनु पर्छ। संधैं बोकेर हिंड्नलाई होइन। मेरो शिक्षा पनि त्यस्तै हो।**" बुद्धको यो भनाई व्यवहारिक र उचित छ। महापरिनिर्वाणको समयमा बुद्धले आनन्द भिक्षुलाई भन्नु भएको छ- "आनन्द! बुद्धधर्म अभ्यास र आचारणमा निर्भर छ। त्यसैले यो धर्म वैज्ञानिक र व्यावहारिक छ।"

(अनुवादक: अ. वीर्यवती, साभार: धर्मकीर्ति, बु.सं. २५१९)

■

बुद्ध सम्वत् २५४०
बैशाख पूर्णिमा (स्वांयापुन्ही) तथा धर्मकीर्ति
बौद्ध अध्ययन गोष्ठी २५ वर्ष पुगेको
उपलक्ष्यमा सफलताको कामना
व्यक्त गर्दछौं।

नेपाल बैंक लिमिटेड
(स्थापित १९९४)



पसः वाला तयत्
विशेष छुट

आकर्षक मोडलय्
ताइवानया KYMCO मोटर साइकल मा:सा जिमित लुमंका दिसँ नापं जापानी व मेमेगु मोटरसाइकलया स्पेयर पार्टस्, पंखा, जेनरेटर व वाटर पम्पया थोक बिक्री नं जू ।

KYMCO 125 F
CUSTOM 150DX

स्टार इण्टरनेशनल लिमिटेड
STAR INTERNATIONAL LTD.
२०५१

STAR INTERNATIONAL LIMITED
Jaycees Building, Thapathali, Kathmandu • Phone No. 231809



Downloaded from http://www.dhamma.digital

# संस्कार

✍ मीना बनिया

संस्कार भनेको मैले बुझे अनुसार विश्वास, बानी र चरित्र हो। संस्कार हाम्रो पछाडि छाँया आए जस्तै आइरहन्छ। सत्संगतले गर्दा संस्कार बदलिएर पनि जान्छ, तैपनि यो बढ्दै गएपछि लुकिराखेको संस्कार बल्झिएर आउँछ। बाजे-बराजुको पाला देखि बसिसकेको संस्कार र विश्वास निर्मूल गर्नलाई धेरै संघर्ष गर्नुपर्छ। थुप्रै अभ्यास गर्नुपर्छ।

पुरानो विश्वास र संस्कार भनेको के हो यो बुझाइदिन एक दुईवटा उदाहरणहरू प्रस्तुत गर्न चाहन्छु। देवता खुशी गर्न सक्यो भने बरदान पाइन्छ। गणेशलाई पहिला पूजा गनुपर्छ होइन भने गणेश रिसाउँछ। काशी र जगन्नाथ गई नुहाउन सक्यो भने आफूले गरि राखेको पाप सबै नाश हुन्छ, ३ जटा छोरालाई एकैपटक विवाह गर्नु वा ३ वटी छोरीलाई एकैपटक विवाह गरी दिएर पठाउनु हुन्न आदि बारे विश्वार गरिराख्नु बानीलाई संस्कार भनिन्छ। यसलाई अन्धविश्वास पनि भनिन्छ।

**परित्राण पाठ गरिसकेपछि जल दिने चलन ... ... बौद्ध देशमा छैन भन्ने सुन्छु, ... ... नेपालमा सुत्र धागो लगाउने र जल लिने संस्कार भएको हुनाले भन्ते गुरूमाँहरूलाई पनि त्यही संस्कारले छोयो।**

कसै कसैको मुख छुच्चो हुन्छ। सबैलाई गालि गर्दै हिंड्ने बानी हुन्छ। मनपरि चलेर हिंड्ने बानी हुन्छ। यो पनि एउटा संस्कार नै हो। किनभने यस्तो बानी चुरोट र रक्सीको नशा लागी छोड्न नसक्नेहरूले जस्तै छोड्न सक्दैन। अरहन्त भैसकेकाहरूको पनि पुराना बानी बाकी रहीरहन्छ। यसको लागि बुद्धकालिन घटना उउटा प्रस्तुत गर्न चाहन्छु।

बुद्धको पालामा पिलिन्दवच्छ भन्ने भिक्षु एकजना रहेछ। उसको बाजे-बराजुहरूको पालादेखि कुरा गर्ने वेला चण्डाल, अलच्छिना भन्दै मुख छाड्ने बानी रहेछ। त्यस पिलिण्डवच्छ भिक्षु भई अरहन्त भइसकेपछि पनि पहिलाको संस्कारले गर्दा जोसँग कुरा गर्दा पनि हे चण्डाल भन्दै सम्बोधन गर्ने बानि रहेछ। यसले गर्दा थुप्रै भिक्षुहरूले चित्त दुखाइरहनु पर्‍यो। तर उसको स्वभाव र बानि त्यस्तै थियो। उनको परिवार देखिको बानि नै त्यस्तै रहेछ। त्यसैले चित्त नदुखाउनु भन्दै बुद्धले भन्नु भएको कुरा पालिसाहित्यमा समावेश भएको छ।

सिद्धार्थ कुमारले आफ्नो पुरानो संस्कार र बानी छोड्नको लागि आफ्नो राज्य छाडी आफ्नी श्रमती, छोरा त्याग गरी बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभयो। बुद्ध हुनुभएपछि उहाँ कपिलवस्तु जानुहुँदा आफ्ना पहिलाको संस्कार बल्झेर आएको कुरो बुद्धजीवनीमा उल्लेख भएकोछ। समय समयमा मारले बाधा दिइरहेको र मारलाई जितेको कुराले संस्कारसंग संघर्ष गर्नु परेको भन्ने बुझिन्छ। मारलाई जितेको भन्नु नै पुरानो संस्कारलाई दमन गरी पठाएको हो।

हामीहरूको पनि समय-समयमा संस्कार बल्झिएर आउँछ। पहिला आफू बुहारी भइरहँदा सासुले आफूलाई दमन गरेको सम्झी आफू सासु भएपछि पनि त्यसरी नै आफ्नी बुहारीलाई शास्ति गर्ने इच्छा हुन्छ। दायाँ कान चिलायो भने अब के करा सुन्न पाइने भयो भनी आशा गर्ने आदि नचाहिंदो संस्कार र विश्वासलाई त्याग्ने प्रयास गर्नुपर्छ।

संस्कारलाई दबाउन शिक्षा चाहिन्छ, सत्संगत चाहिन्छ। कसैले भन्ने गर्छ, जन्मेदेखि आएको संस्कार मर्दा मात्र हराउँछ। यसो भन्नु ठीक छैन। यदि त्यस्तो हो भने यहाँका मानिसहरू बिदेशमा जाँदा आठ दश वर्ष पछि आ-आफ्नो संस्कार र बानि हराएर जान्छ। कुन देशमा बसेको हो, त्यही देशको स्वभाभ भएर आउँछ। त्यस्तो किन हुने होला?



Downloaded from http://www.dhamma.digital

धम्मवती गुरुमा बर्मा जानुभई १५ वर्ष बस्नुभयो। बर्मामा यहाँ जस्तो जुठो र जातपात मान्दैन। सबै जना एउटै ठाउँमा बसी चम्चाले लिंदै खान्छन्। त्यसैले धम्मवती गुरुमाँ सहित अन्य गुरुमाँहरू पनि सबै एकै ठाउँमा बसी खानु भयो। बर्माको चलन नै हो यो। भन्तेहरू र अनगारिका गुरुमाँहरू जून जातको पनि एकै ठाउँमा बसी खान्छन्। जन्मँदै आएको बानी मरेपछि मात्र हट्ने भए बर्मामा गुरुमाँहरूले नेपालको चलन अनुसार नै खानु पर्ने हो। भिक्षुहरू र गुरुमाँहरूको संस्कार भिन्ना भिन्नै देखिन्छ। बुद्धपुजा गर्नेबेला चामल र पानी छर्नु पर्दैन, टीका लगाइदिन पर्दैन। बुद्धको अगाडि नै बत्ती बाल्नु पर्छ भन्ने छैन। ढोका बाहिर मात्र बत्ती बाले पनि हुन्छ। हाम्रो पुरानो संस्कार अनुसार त्यस्तो गर्नु उचित ठान्दैन। अबत गुरुमाँहरूको सत्संगतले गर्दा थुप्रै संस्कार र विश्वासमा परिवर्तन हुँदै आएको छ।

त्यसैले मेरो विचारमा वातावरण र परिस्थितिले गर्दा संस्कार नबदलेको वा पुरानो संस्कार र चरित्र फेरि-फेरि बल्झिएर आउने जस्तो छ। यदि पुरानो संस्कार जन्मेदेखि आएको मर्दा खेरि मात्रै जाने भए शिक्षा दिनु पर्ने आवश्यक नै छैन। शिक्षा दिनु पर्ने नै संस्कार र बानीमा परिवर्तन ल्याउनको लागि हो। उदाहरणको लागि एउटा बच्चा धेरै बदमास भई चोरी गरी हिंड्यो भने उसलाई बोर्डिङ्ग स्कूलमा राखी शिक्षा दिई राम्रो बानी बसाल्न सकिन्छ। उसको नराम्रो बानी हटेर पनि जान्छ।

तर कसरी। जति विदेशमा गई बसेर आएपनि, थुप्रै शिक्षा अध्ययन गरे तापनि नेपालमा आई आठ दश वर्ष जति बसेपछि यहाँकै संस्कार फेरि बल्झेर आउँछ। उदाहरणको लागि भिक्षुहरूले परित्राण पाठ गर्नु हुँदा पानी राख्ने भाँडो एउटा र सुत्र धागो समाती पाठ गर्नुहुन्छ। **परित्राण पाठ गरिसकेपछि जल दिने चलन मात्र होइन भन्तेहरूले पनि जल पिउनु हुन्छ। यो चलन बौद्ध देशमा छैन भन्ने सुन्छु, जल छर्कने, नयाँ घर उद्घाटन गर्ने बेला र विशेष उत्सवको बेला मात्र परित्राण जल राख्ने र छर्कने चलन छ भन्ने सुन्छु। नेपालमा सुत्र धागो लगाउने र जल लिने संस्कार भएको हुनाले भन्ते गुरूमाँहरूलाई पनि त्यही संस्कारले छोयो।**

एक दिनको कुरो, धर्मकीर्ति विहारमा बर्माका उपासक-उसासिकाहरूले भन्तेहरूलाई भोजन दान दियो। भोजन पछि परित्राण पाठ भयो। पाठ सिद्धिएपछि जल दिइयो। बर्माका राजदूत यो देखि अचम्म मानी हेरि राख्यो। उहाँलाई हातमा जल राखिदियो। राजदूतले हातमा जल लिएर लाटो जस्तै बसीरह्यो। उहाँले माँ गुणवती गुरुमाँसंग आफूले लिएको जल के गर्ने भनेर सोध्यो। माँगुणवती गुरुमाँ बर्माको नागरिक भएपनि दशवर्ष नेपालमा बस्नु भएपछि नेपालको संस्कारले छोईसक्यो। त्यसैले माँगुणवती गुरुमाँले पनि बर्माको राजदूतलाई भन्नुभयो- "नेपालमा परित्राण पाठ गर्ने बेला यसरी जल राख्नु पर्छ। अलिकति हातमा लिई मुखमा हाल्नुस्।" राजदूतले पनि मुसु-मुसु हाँस्दै त्यसै गर्नुभयो।

यसबाट बुझें बर्मामा यस्तो संस्कार छैन। लंकामा र थाइलैण्डमा पनि यो चलन छैन भन्ने कुरा त्यहाँबाट आउनु भएका भन्तेहरूले भन्नु भएकोले थाहा पाएँ। परित्राण पाठ गर्नेबेला कहिले काहीं जल राखेर पनि भिक्षुहरूले खाँदैनन् भन्ने सुनें। तर नेपालमा भिक्षुहरूको पुरानो संस्कार बल्झिएकोले होला जहिले पनि जल र सूत्र धागो चाहियो। परिस्थितिले गर्दा संस्कार बल्झिएर आएको उदाहरण हो यो।

पहिला पहिलाको संस्कार अनुसार भोकै बसी पूजा गर्ने, दशा हटाउनुको लागि हाँस, कुखुरा र बोका मारी पूजा गर्ने चलन अहिलेसम्म पनि हामीहरूकहाँ नभएको होइन। हिंसागरी पूजा गर्दा धर्म हुने कदापि होइन। आफ्नो मन शुद्ध भए पुग्छ। तल्लो जात मानिसले छोयो, जुठोले छोयो भनी नुहाउने बानी वा संस्कार अहिलेसम्म बाकीं छ। जुठो भात एउटा कसौंडीमा गयो भन्दै भात सबै फाल्ने संस्कार हाम्रो समूहमा बाकी नै छ।

तर अहिले भिक्षु र भिक्षुणीहरूबाट बौद्ध शिक्षा प्रचार भएकोले सत्संगतले अनपढ महिलाहरूको संस्कार पनि परिवर्तन भइसक्यो। बुद्ध पूजा गर्नेबेला नखाइकन



Downloaded from http://www.dhamma.digital

पूजा गर्नुपर्छ भन्ने चलन हटिसक्यो। खाइसकेपछि पनि बुद्ध पूजा गर्दा पूण्य प्राप्त हुनेछ भन्ने कुरा थाहा पाइसक्यो। यो उउटा नायाँ संस्कार देखिएको छ।

भऱ्याङ्ग चढ्दा र ओर्लंदा "बिन्हा:बि" भन्दै कराउँदै हिंड्ने, नाघ्यो भनी झगडा गर्ने बानी धेरै जसो घरघरमा बाकी रहेको छ। मनमा केही नभए पनि एक चोटी नाघ्दैमा के हुन्छ र !

अर्को एउटा संस्कार हामीकहाँ बाकी नै रहेकोछ। त्यो हो, पहिलो पटक छोरी जन्म्यो भने मुख अँध्यारो पार्ने बानी। पहिलो पटक छोरो नै जन्माउनु पर्छ भन्ने के छ र? आमालाई धेरै सहयोग दिने त छोरी नै हुन् आखिर! पहिलो पटक छोरी जन्म्यो भने उसले आमालाई धेरै मद्दत गर्न सक्छे। त्यसैले होला बर्मामा महिलाहरू पहिलो पटक छोरी जन्मियोस् भन्ने आशा राख्दछन्।

संस्कारको बारे लेख्दै गएमा किताब एउटा लेखे नि पुग्छ। यो संस्कार कसरी रहीरहेको भन्ने कुरो बुझ्नै गाऱ्हो छ। (अनुवादक: अ. वीर्यवती, साभार: धर्मकीर्ति, बु.सं. २५१९) ■

Congratulation!
Dharmakirti Buddhist Study Circle
on 25th Anniversary being
on the Footsteps of
Lord Buddha

MAITRY MOTORCYCLE
(THE MOTORCYCLE PEOPLE)
DEALERS IN:
Japanese & Indian Motorcycles Spares
Helmets, Boxes & Accessories
Dharmapath, South of Nagar Palika Building, Kathmandu
Phone: 214296

बुद्ध सम्वत् २५४०
बैशाख पूर्णिमा (स्वांयापुन्ही) तथा
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
२५ वर्ष पुगेको उपलक्ष्यमा
उत्तरोत्तर प्रगतीको कामना गर्दछौं।




ब्राइटर
टुथ पेष्ट, टुथ पाउडर र टुथ ब्रस का उत्पादक:
ब्राइटर इण्डष्ट्रिज प्रा. लि.
कमलपोखरी फोन: ४११७७६ काठमांडौ नेपाल



Downloaded from http://www.dhamma.digital

# अन्ध विश्वास हटाऔं-आत्मविश्वास जगाऔं !

✍ उद्योगरत्न तुलाधर

अरूको लहलहैमा लाग्नु, ठीक बेठिक छुटयाउन नसकि उक्त विचार प्रति सहमति जनाउनु र आदिकाल देखि चलिआएको कुरा प्रति आँखा चिम्लि आफ्नो सहमती प्रकट गर्नु आदि इत्यादि विश्वास नै एक अन्धविश्वास हो।

हाम्रो देश नेपाल जो विकाशोन्मुख देश भनी चिनिन्छ यस देशको प्रगतिमा बाधा उत्पन्न हुने मूल कुरामा अन्धविश्वास पनि एक हो, जसले गर्दा हामी आफैं पनि आफूलाई विकासतिर लम्काउन सकिरहेका छैनौं। उदाहरणको लागि अन्त नगै हामी आफ्नै परिवार भित्रका कुराहरूलाई लिन सकिन्छ। जस्तै: हाम्रो परिवारका कुनै सदस्यहरू विदेश भ्रमणबाट थकित भई आइपुग्यो, संयोगवश उक्त दिन मंगलवार वा शनिवार पऱ्यो अथवा भ्रमणबाट फर्किंदा सातौं दिन वा नवौं दिन पऱ्यो भने, उक्त व्यक्तिले घरको संघार नाघ्यो भने अलक्षिण हुन्छ, घरमा आपत-विपत र भयले वास लिन्छ भन्ने आदि इत्यादि कुराले गर्दा उक्त व्यक्तिलाई बाहिरै वास बस्न बाध्य गराइन्छ। त्यस्तै कहिं बाहिर जाँदा बिरालो, साँपले बाटो काट्यो, राती कुकुर रोयो भने अपसकुनको संकेत मानिन्छ। यिनै अन्धविश्वासका कुराहरूले गर्दा कतिलाई आफैंमा एक किसिमको डर, भय, त्रास उत्पन्न भैरहेको महशुस भई रहेको हुन्छ। जसले गर्दा त्यस्ता व्यक्तिहरूले आफूमा भएको विश्वास पनि विस्तारै गुमाउँदै जानु परिरहेको हुन्छ र आफ्नो विकास आफैले गर्न सकिरहेको हुन्दैन। आफूले आफ्नो विकास गर्न नसक्नु एक परिवारको विकास हुन नसक्नु हो। त्यस्तै परिवारको विकास नहुनु भनेकै एक सिंगो समाजको विकास नहुनु हो। यिनै कुराहरूले अनुमान लगाउन सकिन्छ कि एक समाजको विकासमा अवरोध उत्पन्न हुनु भनेको हाम्रो जस्तो विकाशोन्मुख देशलाई विकासको बाटोमा वा उन्नतिको बाटोमा अग्रसर गराउन नसक्नु हो। यो हामी नेपालीहरूको लागि एक दु:खदायी कुरा हो।

यी कुराहरूमा हाम्रो परिवार र समाजले मात्र होइन यसमा हाम्रा वैदिक धर्मले पनि महत्त्वपूर्ण भूमिका निभाइरहेको हुन्छ। मानिसको जीवनमा धर्म भनेको उसको जन्म संगै जोडिएको हुन्छ जसले गर्दा धर्मको आडमा उसले अन्धविश्वासमा परी प्राणी हिंसा शारीरिक पिडा, शोषण आदिमा सहभागि भइरहेको हुन्छ। त्यसैले आखिर यस्ता कुरूती, अन्धविश्वासलाई कसरी हटाउन सकिन्छ त? आफ्नो विकाश कसरी गर्न सकिन्छ त? हामीहरूले यस कुरामा केहीक्षण विचार गर्न सक्नु पर्छ।

> **आफ्नो भरोसा आफैं बनौं, आफ्नो भरोसा बन्न पहिले आफू भन्ने व्यक्तिलाई शुद्ध पारौं।**

यी कुराहरू गर्दा हामी यो त केही गाऱ्हो कुरो होइन भन्ने ठान्छौं, तर व्यवहारमा उतार्न उत्तिकै कठीनाई पनि पर्छ।

यसको लागि हामी **आफ्नो भरोसा आफैं बनौं, आफ्नो भरोसा बन्न पहिले आफू भन्ने व्यक्तिलाई शुद्ध पारौं।** जसले आफूलाई शुद्ध, पवित्र बनाउन सकिन्छ उसले आफ्नो परिवारलाई शुद्धता तिर अग्रसर गराउन सक्छ। त्यसैले आफूलाई अन्धविश्वास, कुरूतीको जालोबाट मुक्त गरौं, आफैंमा एक आत्माविश्वास जगाई अन्धविश्वासलाई जरै देखि उखेलौं। यही बुद्धको धर्म हो, उपदेश हो।

(अनुवादक: सुनिल तुलाधर, साभार: धर्मकीर्ति, बु.सं. २५२२)

■

"सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार गर्दछ त्यति उपकार बाबु आमा र कुटुम्बले समेत गर्न सक्दैनन्।" -धम्मपद



Downloaded from http://www.dhamma.digital

# बौद्ध सम्राट अशोक

✍ रचना शाक्य

सम्राट अशोकको नाम नसुन्ने व्यक्ति शायद विरलै होला। किनभने बुद्धधर्मको पुनस्थापनाको लागि उनले गरेका त्याग र बलिदान बारे हामी विभिन्न शिलालेख, स्तम्भ तथा इतिहासबाट थाहा पाउन सकिन्छ। यस्को ज्वलन्त उदाहरण लुम्बिनी कपिलवस्तु स्थीत अशोक स्तम्भ, राम ग्राम स्थित भत्किएका स्तूप शिलालेखहरू आदि। उनको यही स्तम्भको कारणले गर्दा लुम्बिनी नेपालमा पर्छ भनि प्रमाण देखाउन सकेको छौं। उनले बुद्धको शितलमय शान्ति सन्देह फैलाउनको लागि तन, मन, धन तथा छोरा-छोरी समेत अर्पण गरे। अत: यस्ता महान् व्यक्तित्वको बारेमा केही कुरा जानि राखौं।

राजा विन्दुसारको १६ जना रानीहरू र १०१ जना छोराहरू थिए। विन्दुसारको् जेठा छोराको नाम सुमन थियो । मौर्य वंशीय रानी धम्माको तर्फबाट अशोक र तिस्स कुमार थियो। राजा विन्दुसारले छोराहरू बीच झगडा नहोस् भनेर सबैलाई एक एक प्रान्त राज्य गर्न दिएका थिए। जस अनुसार अशोकलाई अवन्ति देशको उज्जैन नगर (साँची) दिए। उनको जेठो रानी वेदिस महादेवी पनि बौद्ध नै थिए। उनी विडुड्भको आक्रमणबाट भागेर आएका शाक्य वंशी नै थिए। साँचीको राज्य रानीलाई सुम्पेर राजा अशोक विरामी बाबु काहाँ आए। आफ्नो बाबुको राज्य पातलीपुत्र पुग्नासाथ विन्दुसार राजाको मृत्यु भयो। बाबुको शेष पश्चात राजकुमार अशोकले आफ्नै भाई तिस्स कुमार बाहेक बाँकी ९९ जना दाजुभाईहरूको हत्या गरेर राज्य आफ्नो हातमा लिए। उनको यस्तो क्रुरपनको कारणले उनलाई "चण्डालशोक" पनि भनियो। राजकुमार अशोकले राजा नबनी चार वर्षसम्म राज्य गरे र पछि बुद्धको परिनिर्वाणको २१८ वर्ष पछि राज्यविषेक गरेर चक्रवर्ती बन्ने घोषणा गरे। उनले राज्य जित्ने क्रममा कलिङ्ग देशमा हमला गर्दा कलिङ्गका जनताहरूले चण्डाल राजाको अधिनमा बस्नु भन्दा देशको लागि मर्नु बेश भनेर युद्ध गर्न थाले। यो कुरा थाहा पाएर राजा अशोकले हेर्न जाँदा रगतको खोला र नरसंहार देखेर त्रसित भए। उनलाई ज्यादै शोक र पछुतो लाग्यो। निग्रोध श्रामणेरसंग भेट हुँदा "के गरेमा मनलाई शान्ति हुन्छ?" भनेर सोधे। निग्रोध श्रामणेर राजा अशोकको दाजु सुमन राजकुमारको छोरा थिए। निग्रोध श्रामणेर आमा सुमनाको पेटमा हुँदा नै पिता सुमनकुमार को हत्या भएको थियो। त्यसैले रानी त्यहाँबाट भागेर एउटा गाउँमा गएर बसेकी थिई। ७ वर्षको उमेरमा निग्रोध श्रामणेर अरहन्त भएका थिए। राजाले सोधेको प्रश्नको उत्तर दिँदै श्रामणेरले् भने "अप्रमादी (होसियारी, जागरूक)हरू कहिल्यै मर्दैनन्। जबसम्म अरूलाई मार्छौ, अशान्ति हुन्छ र आफूले आफ्नो राग, द्वेष, मोहलाई मारी आफूलाई जितेमा मात्र मनमा शान्ति हुन्छ।" यो सुनेर राजा अशोक तरवार त्यागेर बौद्ध बने। यो खवर सुनेर कलिङ्गका जनताहरूले लडाई रोकेर असल राजाको अधिनमा बस्न रूचाए। यसै दिन राजा अशोक चक्रवर्ति बन्यो। र उनलाई "देवान प्रिय", वा "धर्माशोक" भनियो। उनले पातलिपुत्र नगरमा "अशोकाराम महाविहार" बनाएर ६० हजार भिक्षुहरू राखे । जम्वूदिपको ८४ हजार नगरमा ८४ हजार विहार र ८४ हजार चैत्य स्थापना गरे। जसको अभिभारा ईन्द्रगुप्त स्थविरले लिनु भयो। यस निर्माणको कार्य तीन वर्ष लाग्यो।

> **"धनि होस् वा गरिब जसले आफ्नो सन्तानलाई बुद्धशासनमा प्रव्रज्या गर्छ ऊ मात्र बुद्धको अंशभागी हुन्छ।"**

एकदिन राजाले भिक्षुहरूलाई आफू बुद्धको अंशभाग लिने व्यक्ति भए कि भनेर सोध्दा मोग्गलिपुत्र तिस्स स्थविरले "**धनि होस् वा गरिब जसले आफ्नो सन्तानलाई बुद्धशासनमा प्रव्रज्या गर्छ ऊ मात्र बुद्धको अंशभागी हुन्छ।** तपाई त केवल वस्तुदान दिएर उपस्थापक मात्र हुनु भयो" भने त्यसैले उनको छोरा महेन्द्रले आफू भिक्षु हुने विचार व्यक्त गरे। तब उनले आफ्नो छोरा महेन्द्रलाई प्रव्रज्या गर्ने स्वीकृति दिए। उनका भाई तिस्सकुमार पहिले नै "महा धर्मरक्षित स्थविर" कहाँ भिक्षु बनिसकेका थिए। दाजु भिक्षु बन्ने कुरा सुनेर उनका छोरी संघमित्ता पनि भिक्षुणी बने। उनका ज्वाई अग्गिब्रम्ह



Downloaded from http://www.dhamma.digital

पनि पहिले नै भिक्षु बनि सकेका थिए। र संघमित्ताका छोरा सुमन कुमार पनि तिस्स कुमार संगै भिक्षु बनि सकेका थिए। यसरी अशोक राजाको राज्यभिषेकको ६ वर्षमा आफ्ना महेन्द्र र छोरी संघमित्ता प्रव्रजित गरी बुद्धको अंशभागी बने।

अशोक राजाको पालामा भिक्षुहरूलाई धेरै लाभ सत्कार प्राप्त भएकोले अन्य धर्मावलम्वीहरूले आफै बौद्ध भिक्षु बनेर लाभसत्कार भोग गर्न थाले। जस्ले गर्दा नियम विग्रन थाले। सबैले आ-आफ्नो तरिकाबाट कार्य गर्न थाले जसले गर्दा भिक्षुसंघमा मलिनता आउन थाले। जसले गर्दा भिक्षुहरूले उपोसथ, पवारणा गर्ने काम गर्न छोडे। राजाले सबै भिक्षुहरूलाई उपोसथ र पवारणा गराउन मन्त्रीहरूलाई आदेश दिएर पठाए। मुर्ख मन्त्रिहरूले उपोसथ गर्न नचाहेका भिक्षुहरूलाई भकाभक मार्न थाले। जसले गर्दा शुद्ध भिक्षुहरूले पनि प्राण त्यागनु पऱ्यो। यो खबर उनका भाई तिस्स स्थविरले राजा समक्ष पुऱ्याए। यो सुनेर राजालाई ज्यादै दु:ख र दाह भयो। र उनले यस्को पाप कस्लाई लाग्छ भनेर धर्म विनयले निपुर्ण भएको, अर्हन्त मोग्गलिपुत्र तिस्स भन्तेलाई सोधे। भन्तेले आफूले थाहा नभईकन हुन गएको कार्यमा पाप लाग्दैन भन्नुभयो। अनि शुद्ध बौद्ध हो भनेर एकिन गरेपछि मात्र उनको सहायताले सबै भिक्षुहरूलाई भेला गरेर साच्चैको र शुद्ध बौद्ध भिक्षु को हो भनेर छुट्टाउने काम शुरू गर्न थाले। "भगवान बुद्ध के वादी हो" भनेर सोधेको प्रश्नमा "भगवान बुद्ध विभज्जवादी वा छुट्टा छुट्टै विभाजन गरी देशना गर्न हुने हो" भनेर जवाफ दिनेहरू शुद्ध भिक्षु ठहरिए र त्यस्तो जवाफ दिन नसक्ने नक्कली ठहरिए र त्यस्ता व्यक्तिहरूलाई चिवर फुकाल्न लगाई देश निकाला गरेर पठाए। र शुद्ध भिक्षुहरू भेला गराएर उपोसथ गराए। यसरी अशोक राजाले भिक्षु शासनलाई शुद्ध बनाएर र तेस्रो संगायना पटनाको अशोकाराम विहारमा सम्पन्न गरीयो।

यसरी बौद्ध सम्राट अशोकले बुद्ध धर्मको शुद्धी र पुनरूत्थान गरेर ३७ वर्षसम्म राज्य गरे। अत: हामीले सम्राट अशोकलाई बुद्ध धर्मको पुनरूत्थानकर्ता भन्न सक्दछौ। जसको प्रमाण अशोक स्तम्भ र अन्य प्राप्त शिला लेखहरू आदि हुन्। ■

२५४० औं बुद्ध पूर्णिमा
तथा
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको रजत जयन्तिको
शुअवसरमा सम्पूर्ण
महानुभावहरूलाई शुभ-कामना
व्यक्त गर्दछौं।

चिराग फोम ईण्डष्ट्रिज पा. लि.
बालाजु औद्योगिक क्षेत्र, काठमाडौ
फोन: ४२०७७३/२७२३८४

We wish all the best on the
occasion of
New Year 2053
&
2540 Vaisakh Full Moon Day
Prabin Shakya

PRASANG
ENTERPRISES
TEKU, KATHMANDU, NEPAL
PHONE: 232834
SUPPLIER & DEALER OF HARDWARE & SANITARY GOODS



Downloaded from http://www.dhamma.digital

# "स्वच्छ जीवन-शीलपालना"

✎ ज्ञानेन्द्र महर्जन

स्वच्छ जीवन प्रत्येक व्यक्तिको विचार, धारणा, परिभाषा र सिद्धान्तमा फरक फरक हुन सक्छ।

स्वच्छ जीवन भनेको के हो? स्वच्छ जीवन कस्ताले विताउन सक्छन् र सो प्राप्त गर्न के के गर्नु पर्छ भन्ने कुरामा भने धेरै नै अनभिज्ञ रहेको पाइन्छ।

जन्म लिंदा त मानिस कुनै सिद्धान्त विचार लिएर जन्मेको हुँदैन। स्वच्छ रूप मै जन्मछन् । तर वाहिरको दूषित वातावरणको कारण लोभ, द्वेष, मोहलाई अंगाली एक एक गरी क्रमै सँगै शीलहरूको उलंघन गर्दै दूषित जीवनको बाटोमा लम्कन्छ। र पछि आफू अन्धकारमा पाउँदा आफैंले विचार गर्छ स्वच्छ जीवन के हो? अनि सम्झी बुझी उसले आफू दूषित खाल्डोमा परेको अनुभव गर्छ त्यसपछि विभिन्न सुधारका कार्य गर्न खोज्छन्।

त्यसैले आफ्नो मन शुद्ध गरी अरूलाई हित र कल्याण गर्न र दुःखबाट मुक्त भै निर्वाण प्राप्त गर्न स्वच्छ जीवन जीउनु पर्ने हुन्छ। यसको लागि शीलको अत्यावश्यक हुन्छ। विना शील यसको विचार समेत पनि संभव हुँदैन।

बुद्धको शिक्षा अनुसार सदाचारी भै बस्ने, आफू र अरूलाई दुःख हुने कार्य नगर्ने, अनुशासित भै बस्ने नियमलाई शील भनिन्छ। शील मनुष्यको व्यवहारिक जनजीवनको प्रत्येक पाइलामा आवश्यक र उपयोगी हुन्छ। शील-पञ्चशील, अष्टशील, दशशील इत्यादि विभिन्न प्रकारका छन्। शील धर्मको कानून, स्वच्छताको माध्यम, अनि मानव र पशु छुट्याउने साधन हो। भनिन्छ "सीलं सन्तं, सीललं सीतलं, सीलं सुखं" अर्थात् शीलबाट सन्त, शीतल, आनन्दित र सुखानुभव हुन्छ।

बुद्धधर्म अनुसार पञ्चशील अंगाल्नु (सम्भव भए अष्टशील र दसशील समेत) दश अकुशल कर्म नगर्नू नै शील पालना गर्नु हो। दश अकुशल कर्म यस प्रकार छन्:-

- काय (शरीर) बाट हुने-(१) हिंसा (२) चोरी (३) व्यभिचार
- वचनबाट हुने (१) झूथ (२) चुक्लि (३) कडा वचन (४) फजूल कुरा
- मनबाट हुने-(१) दृढ लोभ (२) बैरभाव (द्वेषभाव) (३) मिथ्यादृष्टि

> चंचल चित्त गरी दुराचारी भै सयौं वर्ष जीउनु भन्दा शीलवान ध्यानी भै एक दिन वाच्नु श्रेयस्कर र मूल्यवान

शील र स्वच्छ जीवन नङ्ग र मासुको सम्बन्ध भै एक अर्काको पुरक हुन्छ। सही शान्ति र स्वच्छताको सुखी जीवन उसैले भोग गर्दछ जसले शील पालनका साथ साथै क्लेशबाट मुक्त हुन्छ र जिउने कला जान्दछ। स्वच्छ जीवन धर्मको प्रतीक र मानवताको चिन्ह हो। स्वच्छ जीवन स्वयम् सुख पूर्वक वाच्ने मात्र नभई उसलाई पनि सुखसँग वाच्न दिने साधन र माध्यम हो। तर आजको संसार पागल भएर दौडिदै वास्तविक स्वच्छताबाट टाढा बसेर अधिक दूषित भइरहेछ। स्वयम् पनि दूषित भएर अरूलाई पनि दूषित बनाएका हुन्छौं। अनित्य नबुझी असन्तुष्टी, स्वार्थीपन, अन्धविश्वास, क्रोध, लोभ, वासना, भय, इर्ष्या र अहंकार आदि मनोविकारहरूको प्रतिस्पर्धाको शिकार बनेर हामी हत्या, चोरी, व्यभिचार, झूठो बोल्ने, कपटी, चुक्ली, परनिन्दा, काम नलाग्ने र कठोर वचन बोल्ने आदि गरी क्रमैसँग शीलहरू भंग गर्दै दूषित वातावरण तिर लाग्छौं। यसरी शरीर मन र वचनले गर्ने पाप गरी आफ्नो मन अन्तर द्वन्दमा राख्छौं। यसले आफ्नो स्वच्छता त हरण गर्छ गर्छ साथ साथै उसको स्वच्छतामा समेत आघात पुऱ्याउछ अनि परिणाम अन्धकारमय हुन्छ। अज्ञानतावश हामीहरू यस्ता अन्धकारको बाटोमा हिंडिराखेको हुन्छौं।



Downloaded from http://www.dhamma.digital

त्यसैले बुद्धशिक्षालाई बुझेर के ठीक के बेठीक छुट्याई सही बाटो तिर लाग्नु पर्दछ।

"यो चे वस्ससतं जीवे-दुस्सीलो असमाहितो।

एका हं जीवितं सय्यो-सीलवन्तस्स झामिनो।" (११०)

अर्थात् **चंचल चित्त गरी दुराचारी भै सयौ वर्ष जीउनु भन्दा शीलवान ध्यानी भै एक दिन बाच्नु श्रेयस्कर र मूल्यवान हुन्छ।** त्यसैले बुद्धी पुऱ्याई भौतिक सुख र क्षणिक सुखको परिणाम दुःख, रोग, पाप, अज्ञानतालाई तुच्छ मानेर त्याग गरी आफूलाई राम्रोसँग दमन गर्न सक्यो भने अति दुर्लभ स्वामित्व पनि प्राप्त हुन्छ। त्यसैले हामी दूषित वातावरणमा सयौं वर्ष बाच्नु भन्दा छोटो समय मै स्वच्छ जीवन बिताऔं। बुद्धशिक्षा अंगाली शीलवान भै मूल्यवान जीवन बिताऔं। जसले स्वच्छ जीवनको लागि शीलपालना गर्छ उसलाई शीलले सदा रक्षा गरी स्वच्छता प्रदान गर्दछ। ■

काठको कलात्मक झ्याल, ढोका,
आँखिझ्याल, मूर्तिहरूका
साथै
आधुनिक ढंगबाट काठलाई सिजन
गरि तयार गर्ने एक मात्र प्रतिष्ठान
काष्ठ कलाको उद्योग :

उड कार्भिङ इण्डष्ट्रिज प्रा. लि.
पाटन औद्योगिक क्षेत्र
फोन नं. ५-२१४४७, ५-२३७६८
फ्याक्स नं. ९७७-१-५२७७३०






Downloaded from http://www.dhamma.digital

# विद्वान कसलाई भन्ने ?

✍ विकासरत्न तुलाधर

साधारण अर्थमा विद्वान भन्नाले धेरै विद्या हासिल गरेको, धेरै शिक्षित, तत्ववेत्ता, तत्वज्ञलाई भनिन्छ। त्यसो भए धेरै विद्या हासिल गर्दैमा, धेरै शिक्षित हुन्दैमा,तत्ववेत्ता हुन्दैमा, तत्वज्ञ हुन्दैमा सच्चा अर्थमा विद्वान हुन्छ त ? त्यसो भए साँच्चैको विद्वान कसलाई भन्ने त? यो प्रश्नको उत्तर दिनु सजिलो छैन।

बुद्धको समयमा पनि "विद्वान कसलाई भन्ने" बिषयमा पिंगलकोच्छ ब्राह्मणले बुद्धसंग प्रश्न गरेका थिए। पिंगलकोच्छ ब्राह्मणले त्यस समयका विद्वानहरू पूर्ण कश्यप, संजय बेलट्ठिपुत्र, निगंधनाथ पुत्रहरू विद्वान, धर्मात्मा हो कि होइन भनी बुद्धसंग प्रश्न गर्दा बुद्धले तिनीहरू विद्वान धर्मात्मा हो वा होइन नभनी ५ प्रकारका विद्वान, धर्मात्मा, भिक्षु, प्रवजित बारे आफ्नो विचार प्रकट गर्नु भएको थियो।

> **"जुन मानिस आफूलाई ज्यादै बुद्धिमान सम्झन्छ त्यो मानिस त्यत्तिनै मूर्ख हुन्छ।"**

१. संसारको दु:ख देखेर
यो संसार दु:खको घर हो भनी संझी यसबाट मुक्त हुन श्रद्धा पूर्वक प्रवजित हुन्छन्। पछि लाभ, सत्कार, सम्मान पाए पछि आफूलाई ठूलो सम्झि अहंकारी भएर आउँछन् र अरूलाई तुच्छ सम्झन्छन्। यस्तालाई धर्मात्मा, विद्वान्, प्रवजित भनिन्दैन। यिनीहरू निर्वाण मार्गबाट टाढा हुन्छन्।

